# हिमाली शान्ति

वर्ष २०, अंक ५, जुन २०१४

विश्वासबाट एकताको घेरा फराकिलो हुन्छ ।





मे ३

## सोका गाक्काई दिवस






## बारम्बार उद्धृत श्रोतहरु

निचिरेन दाइशोनिनका लेखहरूको पहिलो अध्यायलाई WND-1 र कमश दोश्रो अध्यायलाई WND-2 पछाडी पृष्ठ नम्बर लेखिएको छ ।

निचिरेन दाइशोनिनको गोशो संग्रहलाई GZ पछाडी पृष्ठ नम्बर लेखिएको छ ।

मौखिक रूपमा प्रचार गरिएको उपदेशहरूको रेकर्डलाई OTT पछाडी पृष्ठ नम्बर लेखिएको छ ।

Burton Watson (वर्टन वात्सन) द्वारा अनुवाद गरिएको सद्धर्मपुण्डरीक सुत्रलाई LS पछाडी पृष्ठ नम्बर लेखिएको छ ।

# विजय सूची

हिमाली शान्ति जुन


**सन्देश** २
(सोका गाक्काई दिवसको उपलक्ष्यमा एस.जि.आई. अध्यक्ष इकेदाको सन्देश)

**सम्पादकको कलम** ४
(महिलाहरू बीचको वार्तालाप अनन्त आशा र खुशीको स्रोत हो)

**विजय तर्फ** ५
(अपराजित रहन सहिष्णुतालाई विकास गर्दै/जीवन र मृत्युको रहस्य)

**नेपाल एस.जि.आई. गतिविधि** ११
(नेपाल एस.जि.आई. को ८ औं डिष्ट्रिक्ट साधारण सभा)

**प्रश्न/उत्तर** १३
(बुद्धधर्मले कसरी कार्य गर्दछ ?)

**गोशो** २२
(ढुङ्गे बाघ सेनापति)

**भविष्य सिर्जना गर्दै** २८
(म अगाडि बढ्नेछु)


**जब हाम्रो संकल्प कमजोर हुन्छ, हामी वरिपरि ठूल्ठूला अवरोधहरूले घेरेको देख्न सक्छौं । हामीले तिनीहरू अचल वास्तविकता हुन् भन्ने विश्वास गर्नेछौं । यहि नै पराजयको कारण हो ।**


प्रधान सम्पादक : श्रीमती सहना श्रेष्ठ
सह सम्पादक : श्री कृष्ण दवाडी, सुश्री युरिका शाक्य, श्री विजेन श्रेष्ठ
कम्प्युटर कला सल्लाहकार : श्री नविन मानन्धर
रिपोर्टर : सुश्री दिक्षा सिंह
प्रुफ रिडर : श्री लक्ष्मण डंगोल
सर्वाधिकार : नेपाल सोका गाक्काई इन्टरनेशनलमा सुरक्षित,
फोन नं : ४०३८५८१ ४०३८५८३ पोब : ७८८ कलंकी, काठमाण्डौ, नेपाल ।
मूल्य : रु ३० ।






# मई ३ सोका गाक्काई दिवसको उपलक्ष्यमा एसजिआई अध्यक्ष इकेदाको सन्देश

जापान तथा संसारभरिका सोका परिवारका सदस्यहरूसंगै मई ३ (सोका गाक्काई दिवस) विजयोल्लासका साथ मनाउन पाएकोमा म हार्षित छु ।

माकिगुची सेन्सेई तथा तोदा सेन्सेई कोसेनरूफुका निम्ति हाम्रा सदस्यहरूको इमान्दार तथा समर्पित प्रयत्न देखेर हर्षित हुनुहुन्थ्यो भन्ने कुरामा म विश्वस्त छु ।

आज म तपाईहरूलाई एउटा सरल सन्देश सुनाउन चाहन्छु ः

सोका विश्व नागरिकहरू, जीवनको हर्षको विजयी गीत गुञ्जाऔं ! सच्चा हर्ष के हो ? जीवनको सर्वोच्च सुख के हो ? निचिरेन दाइशोनिनले Record of orally Transmitted Teachings मा भन्नुभएको छ कि हर्ष वा सुख भन्नाले आफू तथा अरू सबैमा ज्ञान तथा करूणा विद्यमान हुनु हो । उहाँले अगाडि भन्नु भएको छ, "अब जब निचिरेन तथा उनका अनुयायीहरूले नाम् म्योहो रेङ्गे क्यो प्रार्थना गरिरहेका छन्, वास्तवमा उनीहरू अब धर्म, ज्ञान तथा करूणा प्रदत बुद्धत्व प्राप्त गर्न सक्नेछन् भनेर हर्ष प्रकट गरेका हुन् ।"

निचिरेन बुद्धधर्म साधनाबाट हासिल हुने अथाह तथा असीमित जीवनावस्थाको दृष्टिकोणबाट हेर्ने हो भने धन तथा प्रसिद्धिबाट प्राप्त हुने हर्ष तुच्छ तथा अस्थायी हुन्छ ।

एस.जि.आई. का सदस्यका रूपमा कुनै पनि पीडा वा कठिन कर्मबाट पराजित वा निरूत्साहित नभई नाम् म्योहो रेङ्गे क्यो प्रार्थना गर्छौ । हामी सबै निराशा तथा दुःखबाट माथि उठेका हुन्छौं । संघर्ष गरिरहेका र दुःख भोगिरहेकाहरूलाई प्रोत्साहित गर्दै हामी ज्ञान तथा करूणाको संसार निर्माण गर्ने तथा फैलाउन खोजिरहेको हुन्छ । यहि नै हाम्रो असीमित हर्षको संसार हो ।

मई ३, सोका गाक्काई दिवस, आफ्नो तथा अरूको जीवन सूर्य जस्तै अफै चम्काउने प्रारम्भ विन्दु हो ।

६० वर्ष अघि १९५४ मई ३ मा टोक्योको न्योगोकु सुमो भवनमा सोका गाक्काईको साधारण सभा सम्पन्न भएको

थियो । त्यस समयमा तोदा सेन्सेईले भन्नुभएको थियो कि दाइशोनिनको समयमा फर्किनु नै सोका गाक्काईको भावना हो । यसको तात्पर्य हामी सबैले दाइशोनिनको भावनालाई आफ्नो बनाएर अरूलाई अद्‌भूत धर्ममा आस्था जगाएर वास्तविक सुख प्राप्त गर्न सक्ने बनाउनु हो ।

सोका गाक्काईको भावनालाई अंगालेर दाइशोनिनको भावनासंग प्रत्यक्ष सम्बन्ध गाँस्ने मई ३ को यो प्रणलाई भविष्यमा तथा अनन्तकालसम्म निरन्तरता दिन निश्चित गरौं ।

जीवन हरेक गतिरोध विरूद्धको अन्तहिन संघर्ष हो । दाइशोनिन लेख्नुहुन्छ, "उनलाई जति अवरोध आइपर्छ, उ त्यति धेरै हर्षित हुन्छ किनभने उसको आस्था सशक्त छ ।" जब हामीले दुःख तथा ब्यवधानको सामना गर्छौ, हामीले आस्थालाई अझ सशक्त बनाउँछौं र चुनौतीको सामना गर्छौ । साहस तथा हर्षका साथ हामीले हरेक गतिरोधको सामना गरेर अगाडि बढ्छौं र बुद्धत्वको जीवनावस्था प्राप्त गर्न पाइला-पाइलामा प्रयत्न गर्दै अघि बढ्छौं । यो हाम्रो जीवनमा "अस्थायीलाई त्याग्ने र सत्यलाई उजागर गर्ने" प्रक्रिया हो ।

कोसेनरूफुको हाम्रो विश्वब्यापी अभियान कहिल्यै रोकिने छैन । किन त ? किनभने सुख तथा शान्तिको खोजिमा रहेका मानिसहरू हामीलाई प्रतिक्षा गरिरहेका छन्ः किनभने संसारभरिका मानिसहरू निचिरेन बुद्धधर्मको जीवन्त दर्शनको प्रतिक्षामा छन् ।

गौरवान्वित सोका विश्व नागरिक रूपमा एक अर्कालाई प्रोत्साहित गर्दै हाम्रो समूदायमा समाजमा र विश्वभरि साहसका साथ हर्षमय जीवनको विजयी गीत गुञ्जाऔं ।

अन्त्यमा, मई ३ सोका गाक्काई आमा दिवसका अवसरमा म जापान तथा संसार भरिका महिला वर्गका सदस्यहरू प्रति गहिरो कृतज्ञता अर्पण गर्दछु । कोसेनरूफुका निम्ति समर्पित हाम्रा सम्पूर्ण आमाहरूको सुस्वास्थ्य तथा दिर्घायुको निम्ति मैले निरन्तर प्रार्थना गरिरहेको छु ।

जीवन हरेक गतिरोध विरुद्धको अन्तहिन संघर्ष हो । दाइशोनिन लेख्नुहुन्छ, "उनलाई जति अवरोध आइपर्छ, उ त्यति धेरै हर्षित हुन्छ किनभने उसको आस्था सशक्त छ ।" जब हामीले दुःख तथा व्यवधानको सामना गर्छौं, हामीले आस्थालाई अझ सशक्त बनाउँछौं र चुनौतीको सामना गर्छौं । साहस तथा हर्षका साथ हामीले हरेक गतिरोधको सामना गरेर अगाडि बढ्छौं र बुद्धत्वको जीवनावस्था प्राप्त गर्न पाइला-पाइलामा प्रयत्न गर्दै अघि बढ्छौं । यो हाम्रो जीवनमा "अस्थायीलाई त्याग्ने र सत्यलाई उजागर गर्ने" प्रक्रिया हो ।

# महिलाहरु वीचको वार्तालाप अनन्त आशा र खुशीको स्रोत हो

परिवर्तन सम्भव छ । एक महिलाको साहसले ठूल्ठूला परिवर्तन भएको इतिहास साक्षी छ । महिलाहरू वीचको वार्तालाप अनन्त आशा र खुशी ल्याउनुका साथै परिवार र समाजमा सुख, समृद्धि र शान्ति कायम सम्भव छ । निचिरेन दाइशोनिनको बुद्धधर्मको मानवीय सिद्धान्तहरू,

अध्यक्ष तोदाले सोका गाक्काईको स्थापना पश्चात् सबैभन्दा पहिला महिला वर्गको स्थापना जुन १०, १९५१ मा गर्नु भएको थियो । उहाँ भन्नु हुन्थ्यो कि, महिलाहरू सूर्य जस्तै तेजिला छन् । हजारौं वर्ष अन्ध्यारो रहेका कोठामा सूर्यको किरणले उज्यालो बनाई दिए जस्तै महिलाको हँसिलो तथा शान्तिपूर्ण उपस्थितीले परिवार र समाजमा उज्यालो छरिदिन्छ ।

कमलको फूलले झैं महिला वर्गका सदस्यहरूले पनि यस अद्भूत नियमलाई अंगाल्दै यसलाई प्रचार गर्दै, उनीहरूले भोगेका अत्यन्त दुःखदायी तथा कष्टकर परिस्थितिबाट माथि उठेर जीवनको सुन्दरतालाई सबैको सामू प्रस्तुत गरिरहेका छन् ।

अध्यक्ष तोदा भन्नुहुन्छ, "यदि तपाईले आस्थालाई प्राथमिकता दिनु हुन्छ भने, तपाई आत्तिनु पर्ने अथवा हतोत्साहित हुनु जरूरी छैन । जस्तोसुकै समस्या वा अवस्था आएतापनि महत्वपूर्ण कुरा भनेको त्यसको लागि गहिरिएर प्रार्थना गर्नु हो । जब तपाईको अगाडि बाधाहरू आइपर्छन्, शायद, त्यही नै तपाई भित्रको बुद्ध प्रकृति उजागर गर्ने सही समय हो ।

निचिरेन दाइशोनिन लेख्नु हुन्छ, सद्धर्मपुण्डरीक सूत्रमा महिलाले बुद्धत्व प्राप्त गर्न सक्ने स्पष्ट उल्लेख गरि एको छ । ड्रागन राजाकी छोरीले आफ्नो वर्तमान अवस्थामा नै बुद्धत्व प्राप्त गर्न सकेको प्रमाण दिएको छ । जुन बेला शाक्यमुनिका प्रमुख पुरूष शिष्यहरूले भविष्यको अस्तित्वमा उहाँहरूले बुद्धत्व प्राप्त गर्नेछ भन्ने भविष्यवाणी गर्नु भएको थियो । यसबाट प्रमाणित हुन्छ कि, एक महिलाले यस धर्मको प्रचार-प्रसारको संघर्षमा विजयी हुने प्रारम्भिक प्रेरणा दिएको थियो ।

१८ औं महिला वर्गको साधारण सभाको लागि सबै महिलाहरूलाई बधाई दिंदै तपाईहरू सबैले यस ड्रागन छोरी जस्तै कोसेनरूफुको लागि विभिन्न गतिविधिहरू गर्दै आफू भित्रको बुद्धत्वलाई उजागर गरि एक उदाहरणीय व्यक्ति बनी आफ्नो परिवार, समाज र आफै प्रति इमान्दारीतापूर्वक कार्य वहन गर्न सक्ने क्षमता बढोस् भन्ने कामना गर्न चाहन्छु ।



हिमाली शान्ति
सम्पादक

# विजय तर्फ

*दि न्यू ह्युमेन रिभोलुसनबाट उद्दृत गरिएका मार्गदर्शनहरू*

## परिचय

*दि न्यू ह्यूमेन रिभोलुसन भाग ३ मा एशियामा सुख र शान्ति फैलाउने आफ्नो गुरू जोसेइ तोदाको प्रवल सपना तर्फ लक्षित हुँदै आफ्नो प्रतिज्ञाको प्रतिक एस.जि.आई. का अध्यक्ष इकेदाले आफैले सारेर लेख्नु भएको "तीन महान लुप्त नियमहरूमा" भन्ने गोशोको शिर्षकको प्रति र अन्य स्मरर्णीय वस्तुहरू गाड्नको लागि "भारतको बोधगया तर्फ एउटा ऐतिहासिक यात्रामा प्रस्थान गर्नु भयो । यात्राको बाटोमा वहाँले अन्य एशियाली मुलुकहरूको पनि भ्रमण गर्नु भएर थुप्रै साधारण मानिसहरूलाई उनीहरूमा विद्यमान सक्षमतालाई महशुस गर्न र वास्तविक सुख हासिल गर्न हौसला प्रदान गर्नु भयो । तलका कुराहरू वहाँको मार्गदर्शनहरूबाट उद्दृत गरिएका हुन्ः*

## अपराजित रहन सहिष्णुतालाई विकास गर्दै

*छलफलको दौरानमा एउटा खुट्टा गुमाएकी एक युवा महिला वर्गकी लिडरले शिनइचिलाई भन्नु भयो कि, उनीले गरेको सक्दो प्रयासका बावजुद पनि उनीले आशा गरेको जस्तो परिणाम पाउन असमर्थ भएकोले उनी लिडर हुन नसक्ने महशुस गरिन् । शिनइचिले उनीलाई सहानुभूतिको साटो कडा मार्गदर्शन दिनुभयो ।*

**युवा** महिला वर्गको रूपमा तपाईको प्रवृत्ति दयनीय छ । मलाई काँतरहरू मनपर्देन ! उनीले कस्तो महशुस गरिरहेकी छिन् भन्ने कुरा उहाँलाई राम्ररी थाहा थियो । सहानुभूतिले उनीलाई खासै लाभ नहुने कुरा उहाँलाई थाहा थियो । सम्भवतः उनीले आफ्नो अपाङ्गताको कारण भेदभावको अनुभव गर्नुपरेको पनि हुन सक्छ । अवश्य पनि यथार्थ सहज हुँदैन । यदि उनी हरेक घटनाबाट घायल भएर कातर बनीन् भने सम्भवतः उनी जीवनमा विजयी बन्न सक्दैनन् । त्यसकारण, शिनइचिले बुझेरै उनी प्रति कडा



भइन् । ताकि, उनीले कुनै पनि कुराबाट अपराजित भई जेहेन्दारीताको विकास गर्नेछ । जब हाम्रो संकल्प कमजोर हुन्छ, हामी आफूलाई ठूल्ठूला अवरोधहरूले घेरेको देख्न सक्छौं । हामीले तिनीहरू एउटा बदल्न नसकिने यथार्थक रूपमा विश्वास गर्दछौं । यहि नै पराजयको कारण हो । कोसेनरूफुको लागि हाम्रो संघर्षको विजयको साँचो भनेको हाम्रो हृदयमा रहेको कायरपना विरुद्धको युद्ध हो । शिनइचिले हरेक ब्यक्तिको भित्री संकल्पमा रूपान्तरण ल्याउन प्रयास गर्नुभयो किनभने अन्ततः त्यसैबाट मानव क्रान्तिको थालनी हुन्छ ।

***

# जीवन र मृत्युको रहस्य

*हङकङमा भएको छलफल सभामा एक महिला वर्गकी सदस्यले जीवनको अनन्तताबारे र मृत्यु पछि के हुन्छ भन्ने प्रश्न शिनइचिलाई गर्नुभयो ।*

**धेरै** मानिसहरूले अहिले हाम्रो जीवन यही जुनीमा मात्र सीमित हुन्छ भन्ने विश्वास गरेको देखिन्छ । तर यदि हाम्रो जीवन अनन्त हुँदैन भने हाम्रो जन्म कसरी विभिन्न परिस्थिति र वातावरणमा हुन सक्छ । यो प्रश्नको उत्तर कसले दिने होला । कोही जापानमा जन्मिन्छन् त कोही हङकङमा जन्मिन्छन् भने कोही अमेरिकामा । कोही युद्ध र अनिकालले ब्याप्त देशमा जन्मिन सक्छन् । त्यस्तैगरि, कोही बच्चाहरू धनी परिवारमा जन्मिन्छन् भने कोही गरिब परिवारमा । कोही निको नहुने रोग लिएर जन्मिन्छन् भने कोही शारीरिक वा मानसिक दुर्वलताका साथ जन्मिन्छन् । हामी जन्मिने परिस्थितिका साथसाथै हाम्रो अनुहार, बनौट र आकारहरूमा असीमित विविधता हुन्छन् । हामी यस प्रकार जन्मिनु भनेको हाम्रो संकलित कर्मको परिणाम हो भन्ने स्पष्ट हुन्छ । यदि हामीले हाम्रो कर्म कहाँबाट आएको हो भन्ने प्रश्न गर्‍यौं भने सम्भवतः हामीले यस जीवनकालमा यसको स्रोत पाउन सक्दैनौं र जीवन अनन्त छ भन्ने कुरालाई स्वीकार्न वाध्य हुन्छौं ।



शिनइचिले सदस्यहरूलाई हेर्नुभयो । उनीहरू गम्भीर देखिनुका साथै ध्यान दिएर सुनिरहेका थिए । "भूत , वर्तमान र भविष्यको तीनै अवस्थामा चलिरहने कारण र असरको जीवनमा आधारित बुद्धधर्मले कर्मको आधारभूत कारणलाई प्रकट गर्नुका साथै हामीले संकलन गरेको कर्मलाई कसरी परिवर्तन गर्न सकिन्छ भन्ने पनि दर्शाउँछ ।

उसोभए, कर्म कसरी बन्छ भन्ने बारेमा बुद्धधर्मले के भन्छ त ? हाम्रो कर्म अरू कसैले नभई हामी आफैले पूर्व जन्ममा सिर्जना गरेका हौं । यद्यपी, पूर्व जन्मलाई बुझ्न अलि गाह्रो हुन सक्छ, हाम्रो कर्म - मन, वचन र कर्म अर्थात हामीले के गर्छौं, हामीले के भन्छौं र हामीले के सोच्छौं र महशुस गर्छौं भन्ने कुराको संकलनबाट हाम्रो कर्म सिर्जना हुन्छ ।

"उदाहरणको लागि, अरूलाई धोका दिने, अरूलाई दुःखी तुल्याउने र अरूको ज्यान लिने जस्ता कार्यहरूले नकारात्मक कर्म सिर्जना गर्दछ । भारी नकारात्मक कर्मको कारण भनेको गलत शिक्षाको प्रभावमा पर्नु र सत्य धर्मको निन्दा गर्नु हो किनभने त्यस्तो कार्यले जीवनको आधारभूत नियमलाई पूर्णतया विपरीत तुल्याउँछ ।

"अब, हाम्रो मृत्यु पछि के हुन्छ ? हाम्रो जीवन एउटा विशाल भवसागर हो जुन ब्रम्हाण्डको जीवनसंग मिल्न जान्छ । अध्यक्ष तोदाले भन्नु भयो, मृत्यु भनेको राती सुत्न जाने जस्तो हो र अर्को जीवनको आरम्भ भनेको नव दिनको शुरूवात गर्न निन्द्राबाट स्फूर्तिका साथ उठ्नु जस्तै हो । जीवन सुत्ने र उठ्ने वीचको निरन्तर चक्र हो ।

हाम्रो कर्म अरु कसैले नभई हामी आफैले पूर्व जन्ममा सिर्जना गरेका हौं । यद्यपी, पूर्व जन्मलाई बुझ्न अलि गाह्रो हुन सक्छ, हाम्रो कर्म - मन, वचन र कर्म अर्थात हामीले के गर्छौं, हामीले के भन्छौं र हामीले के सोच्छौं र महशुस गर्छौं भन्ने कुराको संकलनबाट हाम्रो कर्म सिर्जना हुन्छ ।

महत्वपूर्ण कुरा भनेको हाम्रो मृत्यु पछि हाम्रो कर्मको अन्त्य हुंदैन । यो अर्को जन्ममा पनि निरन्तर चलिरहनेछ । यो हामीले कुनै दिन कसैसंग पैसा सापटी लिएर त्यसको ऋृण भोलि विहान उठ्दा पनि रहिरहेको जस्तै हो । त्यस्तैगरि, यस जीवनको दुःखहरू अर्को जुनीमा निरन्तर रहिरहनेछ । यदि यस जीवनकालमा हामी असहृय दुःख र पीडाले मर्‍यौं भने अर्को जुनीमा हामीले उस्तै पीडा लिएर जन्मनेछौं । यदि हामीले अरू प्रति घृणा र द्वेष भावनाका साथ मर्‍यौं भने अर्को जुनीमा हामीले फेरी अरूलाई घृणा गर्न बाध्य हुनेछौं । मृत्युले हाम्रो कर्मबाट भाग्ने प्रस्ताव राख्दैन । त्यसकारण, आत्महत्याले दुःखबाट मुक्ति दिंदैन ।

अर्कोतर्फ, हामीले सुखको सुरक्षित अवस्था र अगाध हर्षले भरिएको दिन विताउन सक्छौं । हामी अर्को जुनीमा अनुकुल परिस्थितिमा जन्मिनुका साथै सुख तर्फ लम्कनेछौं ।

"मेरो वर्णन सुनिसकेपछि, तपाईहरू मध्ये कसैले सोच्न सक्नु हुन्छ कि, "यदि अर्को जुनीमा कुनै पनि हालतमा आफ्नो कर्म भोग्नु नै पर्छ भने हामीले पुनर्जन्म नलिएकै राम्रो हुनेथ्यो वा मृत्यु पछिको निन्द्राकै जस्तो अवस्थामा रहिररहन पाए हुन्थ्यो होला ।" तर कुरा त्यस्तो होइन । मृत्युपछि र पुर्नजन्म हुनु अगाडि हाम्रो जीवन ब्रम्हाण्डसंग मिल्न गइसकेको अवस्थामा पनि हामीले दुःख भोगिरहन्छौं । यो हामीले जीवनमा भयंकर समस्याहरूको सामना गर्दाको सपनाहरूको थुप्रो जस्तै हो ।

शिनइचि यामामोटोले भन्दै जानुभयोः "उसोभए, हाम्रो कर्म परिवर्तन गर्ने र सुख हासिल गर्ने कुनै उपाय छ त ? पक्कै छ । निचिरेन दाइशोनिनले त्यस्तो माध्यम प्रतिपादन गर्नु भएको छ जसले बुद्धधर्मको पछिल्लो समयमा बाँचिरहेकाहरूले आफ्नो कर्म परिवर्तन गर्न सक्छन्। यसको अर्थ, गोहोन्जोन प्रति दाइमोकु प्रार्थना गर्नु र अरूलाई सत्य बुद्धधर्मको बारेमा सिकाउनु हो । यस प्रकारको जीवनले जीवनको नियम संग सम्मत र सबैभन्दा उच्चत्तम जीवनावस्थालाई प्रतिनिधित्व गर्दछ ।

"मेरो वर्णन सुनिसकेपछि, तपाईहरु मध्ये कसैले सोच्न सक्नु हुन्छ कि, "यदि अर्को जुनीमा कुनै पनि हालतमा आफ्नो कर्म भोग्नु नै पर्छ भने हामीले पुनर्जन्म नलिएकै राम्रो हुनेथ्यो वा मृत्यु पछिको निन्द्राकै जस्तो अवस्थामा रहिररहन पाए हुन्थ्यो होला ।" तर कुरा त्यस्तो होइन । मृत्युपछि र पुर्नजन्म हुनु अगाडि हाम्रो जीवन ब्रम्हाण्डसंग मिल्न गइसकेको अवस्थामा पनि हामीले दुःख भोगिरहन्छैं । यो हामीले जीवनमा भयंकर समस्याहरुको सामना गर्दाको सपनाहरुको थुप्रो जस्तै हो ।

# साधना नगर्ने श्रीमान भएको सदस्यको लागि मार्गदर्शन

*आफ्नो श्रीमानले अझै प्रार्थना गर्न शुरू नगरेको र शिनइचिलाई भेट्न नसकेकोमा श्रीमानको तर्फबाट माफी माग्न आएको महिला वर्गलाई शिनइचिको हौसला*

**शिनइचिले** हौसला दिंदै उनीलाई भन्नुभयो, तपाईको श्रीमानलाई यस साधनामा विश्वस्त बनाउन तपाई संकल्पित हुनु स्वभाविक कुरा हो । तर तपाईले जेसुकै गर्नु भएतापनि, आस्थालाई लिएर घरमा तर्कवितर्क नगर्नुस् । तपाई उहाँ प्रति मायालु श्रीमती हुनु धेरै महत्वपूर्ण छ । तपाईको श्रीमानको उमेरका मान्छेहरू आफ्नो कम्पनीमा आफै हुर्किएर कुनै निश्चित पदमा पुगेका हुन्छन् र जीवन प्रति उनीहरूको आफ्नै सिद्धान्त हुन्छ । यसकारण, उनले अहिले सम्म सोका गाक्काईमा प्रवेश नगरेको हुन सक्छ । तैपनि, आस्थाको फलस्वरूप यदि उसको श्रीमतीले स्वास्थ्य लाभ गरेको र उनको बच्चाहरू राम्रोसंग हुर्किरहेको देख्यो भने उसले एक दिन अवश्य साधना गर्नेछ ।

परिवारका सदस्यहरू वा आफन्तहरूलाई यस साधनाको विश्वस्तता दिलाउने सबैभन्दा आवश्यक कुरा भनेको वास्तविक प्रमाण हो, सैद्धान्तिक होइन । यसर्थ, तपाईको व्यक्तिगत उन्नती र विकास विशेषगरि महत्वपूर्ण हुन्छ । अर्कोतर्फ, तपाईको श्रीमानले आस्था अंगाल्छ वा अंगाल्दैन भन्ने कुरा, तपाई कति समझदार र विवेकी श्रीमती वा आमा बन्न सक्नु हुन्छ भन्ने कुरामा निर्भर गर्दछ र अवश्य पनि प्रार्थना नै सबै कुराको आधारशीला हो । तपाईले ठोस लक्ष्य राखी दृढ विश्वासका साथ दाइमोकु प्रार्थना गर्नु महत्वपूर्ण छ ।



# अरूलाई आस्थाको बारेमा परिचित गराउने सही भावना

*एक जना सदस्यले शिनइचिलाई सोध्नु भयो कि, अरूलाई आस्थाको बारेमा परिचित गराउँदा अक्सर, मलाई अरूले आफ्नो धर्मको वयान गऱ्यो भन्ने आलोचना गर्दछन् । उनीहरूले यो पनि भन्छन् कि आफ्नो धर्म अरूको भन्दा सही छ भनेर घोषणा गर्नु खतरा हुन्छ र त्यस्तो प्रवृत्तिले सजिलै धार्मिक युद्ध तर्फ डोऱ्याउन सक्छ । उसोभए के गर्ने ?*

**शिनइचिले** तुरुन्तै प्रतिक्रिया दिनुभयोः "यदि हामीले मानिसहरूलाई, म यसमा विश्वास गर्दछु त्यसकारण, यो सही छ भन्यो भने त्यो आत्मश्रेष्ठत्व हुनेछ । त्यसकारण, गाक्काईले अध्यक्ष माकिगुचिको पाला देखि धर्मको विस्तृत अध्ययन र अनुसन्धान गर्ने कुरालाई सदैव लागू गरेको छ । ब्रम्हाण्डीय र वास्तविक मापदण्डको लिखित, सैद्धान्तिक र वास्तविक प्रमाणलाई प्रयोग गरेर, हामीले धेरै धर्महरूको शिक्षाहरूलाई ध्यानपूर्वक मूल्याङ्कण गरेका छौं । यसको साथै, १० लाख भन्दा बढी मानिसहरू यस निचिरेन दाइशोनिनको साधनाद्वारा वास्तवमै खुशी भएका छन् । दाइशोनिनको बुद्धधर्म भनेको सम्पूर्ण मानिसहरूलाई सुखी बनाउन समर्थ तुल्याउने उत्कृष्ट शिक्षा हो भन्ने घोषणा गर्न हामीले सक्ने भएका छौं ।

अझ, हामीले संवादको खुला मञ्च - छलफल सभाहरू जहाँ विभिन्न विश्वास र विचारधारामा आबद्ध ब्यक्तिहरूसंग सकारात्मक रूपमा उनीहरूको विचारहरू छलफल र बादविवाद गर्ने वातावरण प्रदान गर्छौ । हामीले यी अवसरहरूलाई वार्तालाप र संवादको रूपमा कदर गर्छौ किनभने तिनीहरूले आफू सर्वगुण सम्पन्न भन्ने मान्यता र ख्दैन ।

"धर्मको सन्दर्भमा भन्ने हो भने सही र गलत छुट्याउन सक्नु नै सबैभन्दा महत्वपूर्ण कुरा हो, जसले मानिसहरू कसरी बाँचिरहेका छन् भन्ने आधारशीला तयार गर्दछ र अन्तत्वगत्वा उनीहरू खुशी हुन्छन् कि हुँदैनन् भन्ने निश्चित गर्दछ । त्यसकारण, शिक्षाको सत्यता वा झूठलाई विश्लेषण गर्न चाहनु र यदि गल्ती भेट्यायो भने विस्तृत रूपमा वहस र त्यस कुरालाई सम्बोधन गर्नु स्वभाविक होइन र ?

"त्यस्तो dial que द्वारा मानिसहरूले विश्वास गर्ने धर्मको त्रुटिहरूहरूलाई बोध गर्नु पर्छ, उनीहरूले सही र कारण संगत शिक्षालाई इमान्दारीतापूर्वक स्वीकार गर्नु पर्दछ । त्यस्तो नम्रतामा हामीले सच्चा मानव उन्नती पाउँछौं ।



# नेपाल एसजिआई को ८ औं डिष्ट्रिक्ट साधारण सभा

मई ३, २०१४ का दिन काठमाण्डौं, हेटौंडा र पोखरामा ८ औं डिष्ट्रिक्ट साधारण सभा हर्षोल्लासमय वातावरणमा सम्पन्न भएको थियो । हेटौंडामा सम्पन्न साधारण सभामा लोहोत्से, जुगल, हिमचुली, आमाडब्लम र मकालु डिष्ट्रिक्ट सहभागी भएका थिए भने पोखरामा सम्पन्न साधारण सभामा माच्छापुच्छ्रे, निलगिरी र अन्नपूर्ण डिष्ट्रिक्ट सहभागी भएका थिए । यसैगरि काठमाण्डौमा धौलागिरी र मनाश्लु डिष्ट्रिक्टको सहभागिता रहेको थियो।

एस.जि.आई. का अध्यक्ष इकेदाले सन्देशमा एस.जि.आई. का सदस्यका रूपमा कुनै पनि पीडा वा कठिन कर्मबाट पराजित नहुन वा त्यसबाट निरूत्साहित नभई नाम् म्योहो रेङ्गे क्यो प्रार्थना गर्न जोड दिनु भएको थियो । निराशा तथा दुःखबाट माथि उठेर संघर्षरत र दुःख भोगिरहेकाहरूलाई प्रोत्साहित गर्दै हामीले ज्ञान तथा करूणाले संसारमा सुख र शान्ति फैलाउनु पर्दछ । यहि नै हाम्रो असीमित हर्षको संसार हो । मई ३, सोका गाक्काई दिवस, आफ्नो तथा अरूको जीवन सूर्य जस्तै अझै चम्काउने प्रारम्भ विन्दु हो भन्ने हौसलावर्दक सन्देश पठाउनु भएको थियो ।

"विश्वव्यापी कोसेनरूफुको नव युगको प्रारम्भ" भन्ने यस वर्षको नारालाई आत्मसाथ गर्दै चयाप्टर लिडर नविन मानन्धरले डिष्ट्रिक्टको विकासको लागि सम्पूर्ण सदस्यहरूले युवा जोशका साथ हरेक सदस्यहरूको सुख र समृद्धिको लागि प्रार्थना गर्दै उनीहरूलाई सक्षम बनाउँदै गुरू र शिष्यको एकत्वको अभ्यास गर्दै अगाडि बढौं भयो ।

हरेक सभाको मुटु भनेको सदस्यहरूको अनुभव हुन् तसर्थ, काठमाण्डौंमा सुश्री मेनका थापाले आफ्नो हृदयको रोग र आर्थिक कर्मको समस्यालाई यसै साधनाको माध्यमबाट पार लगाएको, सुश्री गृष्मा चित्रकारले करीब ७ वर्षसम्मको गाक्काई जीवन र यस दौरान आएका सम्पूर्ण उतारचढावहरूलाई प्रार्थना, अध्ययन र साधना द्वारा पार लगाउन सफल हुनाका साथै आफ्नो भावी दुल्हालाई समेत यस निचिरेन बुद्धधर्ममा परिचित गर्न सफल भएको हौसलावर्दक अनुभव सुनाउनु भयो भने चार्टड् एकाउन्टेन्ट अध्ययन गर्दै गरेकी सुश्री मनिषा महर्जनले उक्त



हेटौंडामा सम्पन्न ८ औं डिष्ट्रिक्ट साधारण सभाको सामूहिक तस्वीर



काठमाण्डौंमा सम्पन्न ८ औं डिष्ट्रिक्ट साधारण सभाको सामूहिक तस्वीर

डिष्ट्रिक्टको छोटो प्रतिवेदन सुनाउनुका साथै भएका कमजोरीहरूलाई यस वर्ष समाधान गर्दै सक्षम लिडर तथा सदस्यहरू हुर्काउने प्रतिबद्धताका साथ डिष्ट्रिक्टको संकल्पहरू डिष्ट्रिक्टका प्रतिनिधिहरूले सुनाउनु भएको थियो ।

विषयमा दिएको परिक्षामा विफल भएतापनि हिम्मत नहारी सेन्सेइले भन्नुभएको जस्तै "यदि तिमी ८ पटक लड्छौ भनेतापनि ९ औं पटक उभिऊ" भन्ने मार्गदर्शनलाई हृदयंगम गरि त्यस विफलतालाई सकारात्मक दृष्टिकोणले हेर्दै अर्को पटक सफल हुनेछु भन्ने आफ्नो अनुभव सुनाउनु भएको थियो । हेटौंडामा श्री सञ्जय राणाले बुद्धधर्मको सिद्धान्त कारण र असरलाई प्रष्ट्याउँदै आफ्नो अनुभव सुनाउनु भएको थियो भने श्री अनमोल प्रधान र श्री डिनेश यल्मोले आस्था, साधना र अध्ययन द्वारा जीवनमा विजय हासिल गरेको आ-आफ्नो हौसलावर्दक अनुभव सुनाउनु भएको थियो । यस्तै गरि पोखरामा सुश्री डिप्ती थापाले यस निचिरेन बुद्धधर्मको साधना द्वारा उनी आफै र दिदी दृष्टिसंगै मिलेर आइपरेका विभिन्न पारिवारिक र अन्य समस्याहरूको समाधान गरेको बताउनु भयो भने सुश्री उषा थापाले यस साधनाको माध्यमबाट आफ्नो कमजोरीहरूलाई औंल्याउँदै प्रार्थना द्वारा ती कमजोरीहरूलाई हटाउन सफल हुनुका साथै स्वास्थ्य र पारिवारिक समस्याहरूलाई पनि सहज रूपमा समाधान गर्न सकेको अनुभव सुनाउनु भएको थियो ।

यसै अवसरमा गोहोन्जोन ग्रहण गर्नेमा क्रमशः धौलागिरी डिष्ट्रिक्टबाट सुश्री रजनी महर्जन, जुगल डिष्ट्रिक्टबाट सुश्री राजेश्वरी चित्रकार, मकालु डिष्ट्रिक्टबाट श्री डिनेश यल्मो र माच्छापुछ्रे डिष्ट्रिक्टबाट श्री दिपेन्द्र गुरूङ्ग हुनुहुन्थ्यो । यसका साथै आ-आफ्नो

विभिन्न डिष्ट्रिक्टमा लिडरहरू चयन गर्ने क्रममा, धौलागिरी डिष्ट्रिक्टमा युवा महिला वर्गको प्रमुखमा सुश्री मनिषा महर्जन, ल्होत्से डिष्ट्रिक्टमा डिष्ट्रिक्ट सल्लाहकार श्रीमती गीता मोत्तान, डिष्ट्रिक्ट कोर्डिनेटर श्री राम मणि अर्याल, युवा पुरूष वर्गको डिष्ट्रिक्ट प्रमुख श्री सञ्जय राणा र युवा महिला वर्गको डिष्ट्रिक्ट प्रमुख सम्झना दियाली, मकालु डिष्ट्रिक्टको युवा पुरूष वर्गको श्री डिनेश यल्मो, कञ्चनजंघा डिष्ट्रिक्टको सल्लाहकार श्री गौतम वज्राचार्य, डिष्ट्रिक्ट कोर्डिनेटर श्री सुवर्ण वज्राचार्य, डिष्ट्रिक्ट पुरूष वर्ग प्रमुख श्री नारायण गैरे, माच्छापुछ्रे डिष्ट्रिक्टको युवा पुरूष वर्ग प्रमुख श्री दिपेन्द्र गुरूङ्गको नाम घोषणा गरियो । हरेक डिष्ट्रिक्टले प्रस्तुत गरेको साँस्कृतिक कार्यक्रमबाट ८ औं डिष्ट्रिक्ट साधारण सभा हर्षोल्लासमय वातावरणमा सम्पन्न भएको थियो ।



पोखरामा सम्पन्न ८ औं डिष्ट्रिक्ट साधारण सभाको सामूहिक तस्वीर

# बुद्धधर्मले कसरी कार्य गर्दछ ?

जब तपाई पहिलो पटक बुद्धधर्ममा आबद्ध हुनुहुन्छ, यसले जीवनमा कसरी परिवर्तन ल्याउन सक्छ भन्ने उत्सुकता लाग्नु स्वभाविक हो । बुद्धधर्मको साधना द्वारा आफ्नो दैनिक जीवनको समस्याहरूको समाधानको उपायहरूलाई कसरी पत्ता लगाउन सक्नुहुन्छ ? यसको उत्तर सर्वप्रथम जीवनको नियम र आधारभूत सतयतासंग सम्बन्ध गाँस्नुमा निहित हुन्छ भने दोश्रो, यस नियमले आफ्नो अन्तर्जीवन र बाह्य जीवन दुबैमा असर गरिरहेको हुन्छ भन्ने कुरालाई बोध गरेबाट प्राप्त हुन्छ । अहिलेसम्म हामी सामू जीवन कसरी चल्छ भन्ने शायद द्वैध पश्चिमेली अवधारणाहरू रहेका छन् पहिलो, मानिसको मन उसको शरीर भन्दा भिन्न रहेको हुन्छ र दोश्रो, मानिसको शरीर उसको वरिपरि वातावरण भन्दा भिन्न रहेको हुन्छ ।

पूर्विय दर्शन र विशेषगरि बुद्धधर्मले माथि उल्लेखित भन्दा ठीक विपरित अवधारणाको व्याख्या गर्दछः बुद्धधर्मका अनुसार मन र शरीर र वातावरणका वीच एकत्व हुनुको साथै एक अर्कामा गहिरो सम्बन्ध रहेको, जीवनको एउटै स्रोतबाट उद्गम भएको र परस्पर निर्भरता रहेको छ । स्वभाविक रूपले यसको अर्थ कुनै एउटामा आएको परिवर्तनले तुरून्तै अर्कोमा प्रभाव देखाउँछ । त्यसकारण यदि तपाई आफ्नो विचारमा परिवर्तन ल्याउन सक्नु भयो भने यसले तपाईको भौतिक शरीरमा असर पर्नेछ । त्यस्तै गरि, व्यक्तिमा आउने

बुद्धधर्मका अनुसार मन र शरीर र वातावरणका वीच एकत्व हुनुको साथै एक अर्कामा गहिरो सम्बन्ध रहेको, जीवनको एउटै स्रोतबाट उद्गम भएको र परस्पर निर्भरता रहेको छ । स्वभाविक रुपले यसको अर्थ कुनै एउटामा आएको परिवर्तनले तुरून्तै अर्कोमा प्रभाव देखाउँछ । त्यसकारण यदि तपाईं आफ्नो विचारमा परिवर्तन ल्याउन सक्नु भयो भने यसले तपाईंको भौतिक शरीरमा असर पर्नेछ ।

परिवर्तनले उसको आफ्नो वातावरणलाई पनि परिवर्तन गर्नेछ । यसको अर्थ कुनै एउटामा आएको परिवर्तनले तुरुन्तै अर्कोमा प्रभाव देखाउँछ । त्यसकारण, यदि तपाई आफ्नो विचारमा परिवर्तन ल्याउन सक्नु भयो भने यसले तपाईको भौतिक शरीरमा असर पार्नेछ । त्यस्तै गरि, व्यक्तिमा आउने परिवर्तनले उसको आफ्नो वातावरणलाई पनि परिवर्तन गर्नेछ । यसको अर्थ तपाईको परिवार, कार्यस्थल र समाजमा परिवर्तनहरू देख्नुहुनेछ ।

निचिरेन दाइशोनिनले व्याख्या गर्नु भएको छः यदि मानिसको विचार अशुद्ध छ भने उनीहरूको भूमि पनि अशुद्ध हुन्छ तर यदि उनीहरूको विचार शुद्ध छ भने उनीहरूको भूमि पनि त्यस्तै हुन्छ । त्यसकारण त्यहाँ कुनै भूमि आफैमा शुद्ध वा अशुद्ध छैनन् । भिन्नता हाम्रो असल र खराव विचारहरूमा निहित छ । *(WND, पा. ४६)*

नाम् म्योहो रेङ्गे क्यो को प्रार्थनाले तुरून्तै तपाईको अन्तर जीवनमा प्रगति ल्याउँछ । यसर्थ, तपाईले आफ्नो जीवनलाई अझ बढी सकारात्मक र आशावादी दृष्टिकोणले हेर्न सक्नु हुन्छ र आफ्नो जीवनबारे तपाईको नयाँ विचारहरू र साहस आउनेछ । तपाईले प्रार्थना गरेर "आफ्नो मनको परिवर्तन" गरिरहनु भएको छ - यसको अर्थ तपाईको विचारहरूलाई परिवर्तन गर्दै हुनुहुन्छ जसको फलस्वरूप, तपाईको वचन र कार्यमा परिवर्तन हुन्छ । यसैलाई नै कर्मको परिवर्तन - मन, वचन र कर्मको परिवर्तन भनिन्छ । जब यस्तो परिवर्तन हुँदै जान्छ तपाईको व्यवहारमा आएको परिवर्तन र प्रायः नयाँ जोश, आशा र साहसका साथ जीवनलाई भिन्न रुपमा लिइने प्रभावहरू तपाईले स्पष्ट रूपमा महशुस गर्नुहुनेछ भने अरूले पनि त्यो परिवर्तन देख्नेछ । परिवर्तन भईरहेको तपाईको जीवनले तपाईले गर्ने हरेक कुरालाई प्रभाव पार्दै दैनिक जीवनमा प्रतिविम्वित भैरहेको हुन्छ । किनकी हामी सबै कुरासंग अभिछिन्न मात्र छैनौं गहन रूपमा पनि गाँसिएका छौं, हामी भित्र आएको शक्तिशाली रूपान्तरण बाहिर तर्फ फैलन्छ र वातावरणमा पनि परिवर्तन ल्याउँदछ । वास्तवमै साधनाले यसरी कार्य गर्दछ । दाइसाकु इकेदाले भन्नुभएको जस्तैः निचिरेन बुद्धधर्मले हामी अहिले अवस्थित स्थानलाई "अनन्त शान्तिमय ज्योतिको भूमि" मा रूपान्तरण गर्न र त्यही सुखको महल निर्माण गर्न सक्षम बनाउँछ । त्यस्तो गर्न तपाईलाई दुःख दिने कर्मलाई परिवर्तन गर्नु पर्दछ........आफ्नो जीवनावस्थालाई नाटकीय रूपमा रूपान्तरण गर्ने यो भन्दा अरू उपाय छैन । जब तपाईको जीवनावस्था परिवर्तन हुन्छ, तपाईको वातावरण स्वभाविक रूपले परिवर्तन हुन थाल्छ । यो जीवन र वातावरणको एकत्वको सिद्धान्त हो । सुखको महान महल तपाईको हृदयमा नै अवस्थित छ । आस्था नै त्यो महलको ढोका खोल्ने साँचो हो ।

> नाम् म्योहो रेङ्गे क्यो को प्रार्थनाले तुरुन्तै तपाईको अन्तर जीवनमा प्रगति ल्याउँछ । यसर्थ, तपाईले आफ्नो जीवनलाई अझ बढी सकारात्मक र आशावादी दृष्टिकोणले हेर्न सक्नु हुन्छ र आफ्नो जीवनबारे तपाईको नयाँ विचारहरु र साहस आउनेछ । तपाईले प्रार्थना गरेर "आफ्नो मनको परिवर्तन" गरिरहनु भएको छ - यसको अर्थ तपाईको विचारहरुलाई परिवर्तन गर्दै हुनुहुन्छ जसको फलस्वरुप, तपाईको वचन र कार्यमा परिवर्तन हुन्छ ।

# ढुङ्गे बाघ सेनापति

**हाम्रो जीवनलाई सिर्जनात्मक बनाउँदै आस्थालाई मजबुत पार्ने - मानव क्रान्तिको महान मार्ग**

म अरू जस्तै स्वस्थ छैन र यसबाहेक म यो दुर्गम पहाडी जंगलमा बसिराखेको छु । बसन्त र ग्रीष्मकालमा ब्यापक रुपमा फैलिएको महामारी र अनिकालले शरद र हिउँदमा विशाल रूप लिएको हुनाले यो वर्ष विशेष गरी कठिन थियो । मेरो विमारी फेरि पनि बिग्रियो तर तपाई (शिजो किङ्गो) ले मलाई विभिन्न औषधीहरू र भित्री भुवादारी लुगा पठाइदिनु भयो । तपाईले गर्नुभएको उपचारको लागि धन्यवाद, मेरो स्वास्थ्यमा राम्रो सुधार हुंदै गएको छ । मलाई अहिले निको भइसकेको छ र पहिले भन्दा अहिले धेरै स्वस्थ र धेरै राम्रो भएको महशुस गरेको छु । बोधिसत्व मैत्रेयको "*योग साधनाको १० चरणहरू* सम्बन्धि शोधपत्र" र बोधिसत्व नागर्जुनको *"विवेकको महान आदर्श* सम्बन्धि शोधपत्र" दुबैमा भनिएको छ कि, कोही अपरिवर्तनीय कर्मको कारणले विरामी परेको छ भने उत्तम औषधि पनि विषमा परिणत हुन्छ तर यदि कसैले सद्धर्मपुण्डरीक सूत्रमा विश्वास गर्दछ भने विष पनि औषधिमा परिणत हुनेछ । म, साधारण ब्यक्ति भएतापनि, सद्धर्मपुण्डरीक सूत्र प्रचार गर्नाले स्वर्गका राक्षसहरूले मलाई खानाबाट बञ्चित गर्ने प्रयास गरे । यसलाई बुझेर मैले कुनै गुनासो गरिंन, तर म विश्वास गर्दछु कि, तपाईको शरीर भित्र शाक्यमुनि बुद्धको बास भएर मात्र म यो पल्ट बाँच्न सकें ।

यसका साथै तपाई पछिल्लो पटक घर फर्कनु हुंदा म अत्यन्तै चिन्तित थिए र तपाई कामाकुरामा राम्ररी पुग्नु भएको खबर सुन्न पाउँदा म ज्यादै हर्षित भएँ । मलाई धेरै चिन्ता लागेकोले कामाकुराबाट यहाँ आउने प्रत्येकलाई मैले तपाईको बारेमा सोधिराखेको थिए । एक जनाले तपाईलाई युमोटोमा भेटेको बताउनु भयो भने अर्कोले तपाईलाई अझ टाढा कोजुमा भेटेको बताउनु भयो । जब तपाईलाई कामाकुरामा देखेको बताएपछि मैले राहतको महशुस गरे । अब उपरान्त अत्यन्त जरूरी नपरून्जेलसम्म मलाई भेट्न नआए पनि हुन्छ । मलाई वताउनु पर्ने जरूरी कुरा भएमा सन्देशवाहकलाई पठाउनुस् । म वास्तवमै तपाईको पछिल्लो भ्रमण प्रति अत्यन्त चिन्तित थिएँ । खतरा प्रति अनभिज्ञ बनाएर उसले आक्रमण गर्ने प्रयास गर्दछ । भ्रमण नगरि नहुने बेलामा घोडाको लोभ नगर्नुस् । म असल घोडा चढ्दै छुं भन्नेमा तपाई विश्वस्त हुनुस् । आकस्मिक हमलाबाट बच्न आफ्नो सैनिकहरू पनि साथमा राख्नुस् र युद्ध कवचमा तपाईलाई सिजिलैसंग बोकेर लैजान सक्ने घोडा चढ्नुस् ।

Great Concentration and Insight को आठौं भाग र The annonations on Great Concentrationa and Insight को आठौं भागमा भनिएको छ, "आस्थाको गहिराई संगै देवताहरूको संरक्षण मजबुत हुन्छ" यसको अर्थ, देवताहरूको संरक्षण उसको आफ्नै आस्थामा निर्भर गर्दछ । सद्धर्मपुण्डरीक सूत्र धारिलो तरवार हो तर यसको शक्ति भने चलाउने ब्यक्तिमा निर्भर गर्दछ ।

बुद्धधर्मको पछिल्लो युगमा यो सूत्रको प्रचार गर्नेहरू मध्ये कसको तुलना शारिपुत्र, महाकाश्यप, perceiver of the world's sounds, wonderful sounds, मञ्जुश्री, र भैषज्यराजसंग हुन्छ । दुई यानका मानिसहरू ( शारिपुत्र जस्तै) ले सम्पूर्ण विचारहरू र इच्छाहरूलाई नष्ट गर्नु भएर आफूलाई ६ मार्गहरूबाट स्वतन्त्र गर्नुहुन्छ ।

Perceiver of the World's sounds जस्ता बोधिसत्वहरूको अज्ञानताको ४२ तह मध्ये ४१ तह पार गरेकाहरू पूर्णिमा भन्दा एक दिन अगाडिको चन्द्रमा जस्तै हुन् । तथापि, शाक्यमुनि बुद्धले यी कुनै पनि मानिसहरूलाई धर्म प्रचारको उद्देश्य सुम्पिन अस्वीकार गर्नुभयो र बदलामा धर्तीका बोधिसत्वहरूलाई यो कार्य सुम्पिनु भयो । यसर्थ, यी बोधिसत्वहरू नै हुन् जसले पूर्ण रूपले आफ्नो संकल्प पूरा गरे ।

शक्तिशाली योद्धा सेनापति लि. क्वाङ्को आमालाई बाघले पुरै खाइदिएको थियो जसले बाघ भन्ने ठानेर ढुङ्गामा प्रहार गरेको वाणले ढुङ्गालाई छेडेर गएर वाणको छेउको पखेटासम्म पुगेको थियो । तर यो ढुङ्गा मात्र थियो भन्ने बुझेर पुनः चलाएको वाणले ढुङ्गालाई छेड्न सकेन । यसैकारण पछि उनी ढुङ्गे बाघ सेनापति भनेर प्रख्यात हुनुभयो । यो कथा तपाईलाई पनि लागू हुन्छ । शत्रुहरू लुकेर तपाईलाई पर्खेर बसेतापनि, सद्धर्मपुण्डरीक सूत्र प्रति तपाईको दृढ आस्थाले गर्दा ठूला खतराहरू शुरू हुनु अगावै यसको ज्ञान हुन्छ । तपाईले आफ्नो आस्थालाई अझ बढी मजबुत बनाउनु नै पर्छ । मैले भन्न चाहेको सबै कुरा एउटै पत्रमा लेख्न असम्भव छ ।

गहिरो सम्मानका साथ

निचिरेन *(WND-1, 952-53)*

## व्याख्यान्

५५ वर्ष अघि सन् १९५७ को जुन र जुलाईमा म होक्काइदो र कान्साइ दुबै शहरमा कोसेनरूफुको संघर्षमा व्यस्त थिए । युवारी खानीमा काम गर्ने मजदुर संघले सोका गाक्काईमा संलग्न यस संघका सदस्यहरूको धार्मिक स्वतन्त्रताको स्पष्ट दुरूपयोग गरेको विरूद्ध लड्न म होक्काईदो हतारमा पुगेको थिए । त्यसबेला यो संघ सर्व शक्तिशाली ठानिएको थियो र कसैले पनि यो संघको विरूद्ध जान आँट गरेको थिएन । युवारीमा हाम्रा सदस्यहरूको रक्षा गर्ने र न्याय दिलाउने संघर्षको नेतृत्व मैले वहन गरें ।

त्यही वर्ष अप्रिल ३ मा सम्पन्न भएको ओशाका जिल्लाको चुनावमा निर्वाचन आचार संहिता उल्लंघनको आरोपमा ओशाका प्रान्तको प्रहरी प्रधान कार्यालयमा सोधपुछको लागि मलाई हाजिर हुन दिएको आदेशको पालना गरि युवारीबाट सिधै जुलाई ३ मा ओशाका गए । मलाई झूठा आरोपहरू लगाएर पक्राडियो र त्यही दिन मलाई कारागारमा राखियो ।

एक पछि तत्कालै अर्को गरि भएका यी दुई घटनाहरू भनेको शासन र शक्तिको कपटी स्वभाव विरूद्धको रक्षात्मक संघर्षहरू थिए । गएको बसन्तमा, यी दुई संघर्षहरू चलिरहेको बेलामा “ढुङ्गे बाघ सेनापति” सम्बन्धि प्राचीन चीनको प्रख्यात कथालाई यस गोशोमा उदृत गर्दै “ढुङ्गालाई बाणले छेड्न सकेको” भन्ने दाइशोनिनको बुझाईलाई मैले हृदयमा संगाल्नुका साथै यसलाई मैले मेरो डायरीमा उतारे । असम्भवलाई सम्भव तुल्याउने र परम विजय शक्तिको केन्द्र, अद्भूत धर्ममा आस्थाका साथ समर्पित गर्नु भनेको मेरो संकल्पको एउटा अभिव्यक्ति थियो ।

यसका साथै आफूले जीवनमा बनाएको निडर जोशका साथ हरेक दुःखसित लड्नु मेरो तत्परताको प्रतिविम्व थियो ।

जुलाई ३ मा होक्काईदोबाट ओशाका फर्कदा टोक्योको हानेदा विमानस्थलमा केही समयको लागि रोकेको थिए । श्री तोदाले मलाई त्यहिं भेट्नु भएर सेइक्यो पत्रिकामा धारावाहिक रूपमा म्यो गोकु लेखनाम राखेर छापिसकेकोको भर्खरै मात्र प्रकाशित उहाँको "मानव क्रान्ति" उपन्यास मलाई दिनु भयो ।

यो कस्तो अद्‌भूत थियो ! शासक वर्गको राक्षसी स्वभाव संग कडा संघर्ष शुरू गर्न लागेको निर्णायक क्षणमा "मानव क्रान्ति" पुस्तक मेरो हातमा पऱ्यो, जसमा दोश्रो विश्वयुद्धताका आफ्नो विचारका कारणले काराबासमा बस्दा धर्तीका बोधिसत्व भएर आफ्नो लक्ष्यको बोध भएको गुरु तोदाले अनुभव संगालिएको थियो ।

## आस्थामा पूर्ण विश्वास राख्नु

अद्‌भूत धर्मको प्रचार गर्ने महान संघर्षमा पराजित गर्न खोज्ने जस्तोसुकै ठूला बाधाहरूबाट अपराजित हुने दृढ निश्चय बोकेकाहरू भनेका बोधिसत्वहरू हुन् । भय र आशा माथि जित हासिल गरेर अगाडि बढ्नलाई मजबुत र जीवनको सकारात्मक भावना चाहिन्छ जुन मानव क्रान्तिमा पाइन्छ ।

मानव क्रान्ति भनेको जीवनको मुख्य लक्ष्य बुझ्नु र आस्थामा दृढ विश्वास राख्नु हो भनेर तोदाले हामीलाई सिकाउनु भयो । उहाँले यो पनि बताउनु भयो कि, मानव क्रान्ति भन्नु लोभ, रीस र मूर्खता जस्ता तीन विषहरू द्वारा नियन्त्रित जीवनावस्थालाई बोधिसत्व र बुद्धत्वको जीवनावस्थामा रूपान्तरण गर्नु हो । यो भनेको सबै दुष्ट कार्यहरू माथि जित हासिल गर्ने र हाम्रो जीवनमा अन्तर्निहित कुलिन क्षमताको प्रादुर्भाव गर्ने प्रक्रिया हो । यो आफूलाई मजबुत बनाउने कार्य हो । यसै कारणले दिनहुं मानव क्रान्ति गर्न तल्लिन हामीले हरेक गतिरोधलाई हटाउने शक्ति आफू भित्रैबाट निकाल्न सक्षम भइराखेका छौं । पार गर्न असम्भव देखिने बाधाहरूले हामीलाई निरूत्साहित पारेतापनि हामी भयभित हुनु, आतंकित हुनु वा भाग्नु आवश्यक छैन, किनभने हामीले हामी भित्र विद्यमान उच्च साहस र विवेकको शक्ति प्रयोग गर्न सक्छौं ।

यो अंशमा, मानव क्रान्ति हासिल गर्नको लागि आस्थाको महत्व सम्बन्धि अरू थुप्रै ज्ञान हासिल गर्न दाइशोनिनको लेख "ढुङ्गे बाघ सेनापति" को अध्ययन गरौं ।

## व्यक्तिगत कष्टको माझमा आफ्नो गुरुलाई साथ दिइरहने शिष्य

अक्टोबर २२, १२७८ मा लेखिएको "ढुङ्गे बाघ सेनापति" दाइशोनिनले मिनोबु पर्वतबाट कामाकुरामा रहनु भएको शिजो किङ्गोलाई पठाउनु भयो । यसको पृष्ठभूमि सम्बन्धि मैले पुष्टि गर्न चाहेको निम्न दुईवटा कुराहरू छन् ।

पहिलो, अघिल्लो वर्ष १२७७ देखि महामारी ब्यापक फैलिएको थियो र लामो समयसम्मको खडेरीले खानाको तिब्र अभाव भएको थियो । यसका साथै दाइशोनिन स्वयंले पनि त्यस वर्षको अन्तिम देखि विरामी पर्नु भएको थियो ।

> मानव क्रान्ति भन्नु लोभ, रीस र मूर्खता जस्ता तीन विषहरु द्वारा नियन्त्रित जीवनावस्थालाई बोधिसत्व र बुद्धत्वको जीवनावस्थामा रुपान्तरण गर्नु हो। यो भनेको सबै दुष्ट कार्यहरु माथि जित हासिल गर्ने र हाम्रो जीवनमा अन्तर्निहित कुलिन क्षमताको प्रादुर्भाव गर्ने प्रक्रिया हो।

अर्को शब्दमा, मिनोबु पर्वतमा उहाँको जीवन गाँस, बाँस र स्वास्थ्यको दृष्टिकोणले अलि कष्ठकर थियो ।

दोश्रो, शिजो किङ्गोको परिस्थितिमा पनि नाटकीय परिवर्तन भएको थियो । सन् १२७७ मा, गोकुराकु मन्दिरको न्योकान र कुवागायाचु बहसको बेला अरूले गरेको षडयन्त्रमा शिजो किङ्गोलाई फसाईएको थियो । उसलाई बदनाम गर्ने अभिप्रायले उसको विरूद्ध आफ्नो मालिकलाई भूटो दोषारोपण गर्ने उसकै साथी सामुराइ थियो । मालिक ईमाले यी आरोपहरूलाई विश्वास गरेर रिसाउनु भएको थियो र किङ्गोलाई सामुराईः संरक्षकको प्रतिष्ठा खोस्ने, बर्खास्त गरिने धम्कि दिइएको थियो । तर दाइशोनिनको सल्लाह मानेर शिजो किङ्गोले मालिक इमालाई इमान्दारीतापूर्वक सेवा गरिराखेको थियो जसको परिणाम स्वरूप मालिक इमाले उसको इमान्दारीताको कदर गर्नुका साथै उसलाई तीनवटा थप नयाँ जग्गा पनि बकस दिनुभएको थियो । त्यसै समयमा, यद्यपी, मालिक इमाले शिजो किङ्गो प्रति दर्शाएको कृपाले गर्दा उसको विरोधिहरू डाहमा जलेका थिए जसले गर्दा उसलाई पहिले भन्दा अझ बढी खतरा बढेको थियो ।

यस्तो प्रतिकुल पृष्ठभूमिमा शिजो किङ्गोले मिनोवुमा रहनु भएको दाइशोनिनलाई पत्रका साथै कोसेलीहरू पनि पठाउनु भएको थियो । शिजो किङ्गोले शिनानो प्रान्त (हाल नागानो प्रिफेक्चर) बाट पठाइदिएको कोसेलीहरूको सूचि बनाउनु भयो । “ढुङ्गे बाघ सेनापति” शिजो किङ्गोको शुद्ध हृदयले पठाएको पत्रको जवाफ हो ।

परिच्छेदको अगाडि, “ढुङ्गे बाघ सेनापति” को शुरूवातको हरफमा, हामीले यस पटक दाइशोनिनले उल्लेख गर्नु भएको केही अर्पणहरू - तीन हजार सिक्काहरू, पलिश चामल, भातका केकहरू, रक्सी, हलुवावेट, अनार आदि ।

लुगाले जाडोबाट जोगाउने र खानाले जीवनमा आड दिने कुराको टिप्पणी गर्दै दाइशोनिन लेख्नुहुन्छः “मानिसहरूसँग रहेका खजानाहरू खानेकुरा, पिउनेकुरा, लुगा र औषधि भन्दा मूल्यवान् छैनन् । *(WND - १,९५२)* । यो वहाँलाई पठाइएका यी विविध अर्पणहरूको सम्बन्धमा शिजो किङ्गो प्रतिको दाइशोनिनको कृतज्ञताको अभिव्यक्ति हो ।

दाइशोनिनले सदैव आफ्ना अनुयायीहरूलाई उनीहरूको समर्थनको लागि गहिरो आभार व्यक्त गर्नुका साथै उनीहरूलाई उच्च आदर दर्शाउनु हुन्छ । कोसेनरूफुको संघर्षमा दाइशोनिन उनीहरू संगसंगै लाग्नु भयो । यही नै वहाँको भावना थियो । यहाँ हामीले बुझ्न सक्छौं कि इमान्दारीतालाई इमान्दारीता फर्काउनु भनेको निचिरेन दाइशोनिन बुद्धधर्मको मानवीय शिक्षाको सार हो ।

***म अरू जस्तै स्वस्थ छैन र यसबाहेक म यो दुर्गम पहाडी जंगलमा बसिराखेको छु । बसन्त र ग्रीष्मकालमा व्यापक रूपमा फैलिएको महामारी र अनिकालले शरद र हिउँदमा विशाल रूप लिएको हुनाले यो वर्ष विशेष गरी कठिन थियो । मेरो विमारी फेरि पनि विग्रियो तर तपाई (शिजो किङ्गो) ले मलाई विभिन्न औषधीहरू र भित्री भुवादारी लुगा पठाइदिनु भयो । तपाईले गर्नुभएको उपचारको लागि धन्यवाद, मेरो स्वास्थ्यमा राम्रो सुधार हुँदै गएको छ । मलाई अहिले निको भइसकेको छ र पहिले भन्दा अहिले धेरै स्वस्थ र धेरै राम्रो भएको महशुस गरेको छु । बोधिसत्व मैत्रेयको “योग साधनाको १० चरणहरू सम्बन्धि शोधपत्र” र बोधिसत्व नागर्जुनको “विवेकको महान आदर्श सम्बन्धि शोधपत्र” दुबैमा भनिएको छ कि, कोही अपरिवर्तनीय कर्मको कारणले विरामी परेको छ भने उत्तम औषधि पनि विषमा परिणत हुन्छ तर यदि कसैले सद्धर्मपुण्डरीक सूत्रमा विश्वास गर्दछ भने विष पनि औषधिमा परिणत हुनेछ । म, साधारण व्यक्ति भएतापनि, सद्धर्मपुण्डरीक सूत्र प्रचार गर्नाले स्वर्गका राक्षसहरूले मलाई खानाबाट बञ्चित गर्ने प्रयास गरे । यसलाई बुझेर मैले कुनै गुनासो गरिंन, तर म विश्वास गर्दछु कि, तपाईको शरीर भित्र शाक्यमुनि बुद्धको बास भएर मात्र म यो पल्ट बाँच्न सकें ।***

# शान्तपूर्वक तीन बाधाहरू र चार दानवहरूलाई पराजित गर्दै

यस परिच्छेदमा, निचिरेन दाइशोनिनले आफूलाई मद्दत गर्ने शिष्य प्रति प्रकट गर्नु भएको कृतज्ञतामा अझ बढी जोड दिनु हुंदै भन्नु हुन्छ की, शिजो किङ्गोलाई त्यसो गर्नको लागि पक्कै पनि उसको जीवनमा बुद्धको कार्य क्रियाशिल भइसकेको थियो । यस टिप्पणीले कोसेनरूफु भनेको बुद्धका शक्तिहरू र दुष्ट कार्यहरू वीच अनवरत चलिरहने संघर्ष हो भन्ने बुझाउँछ ।

दाइशोनिन स्वयंको कासेनरूफुको दुष्कर संघर्षको कुरा गर्नु पर्दा - सादो टापुमा साढे दुई वर्ष लामो निर्वासित जीवन पछि मिनोबु पर्वतमा रहँदाको कष्ठकर अवस्थालाई उहाँ सम्झनु हुन्छ। १२७७ को अन्ततिर देखि दाइशोनिनको स्वास्थ्य निसन्देह खसकिएको थियो। विरामी संगै दुर्वलता र गाडिएको पखालाले १२७८ को जुन महिनाको मध्यतिरको गर्मीसँगै झन् बढि च्यापिएको थियो तर शिजो किङ्गो (एक कुशल चिकित्सक पनि थियो) ले पठाइदिएको औषधिले दाइशोनिनको पीडालाई उपचार गर्न मद्दत पुऱ्यायो । स्वास्थ्यमा आएको तीव्र सुधार पछि उहाँले शिजो किङ्गोलाई यस्तो लेख्न सक्नु भयोः "मेरो विरामी लगातार घट्दै गएर अहिले एक प्रतिशत मात्र बाँकि छ ।" *(WND -१, ९५२)*

केहि महिना पछि, दाइशोनिनले "ढुङ्गे बाघ सेनापति" लेख्नु भन्दा ठीक अगाडि, शिजो किङ्गोले उहाँलाई भेट्न मिनोवु पर्वत जानु भएको थियो । आफ्नो भूसम्पत्ति बढेकोबारे दाइशोनिनलाई खबर गर्दै गर्दा, शिजो किङ्गोलाई शिशिरको जाडो सँगै आफ्नो गुरूको शारीरिक अवस्था प्रति अवश्य पनि चिन्तित तुल्याएको थियो। "म अहिले निको भएको छु र पहिले भन्दा धेरै राम्रो भएको छु" *(WND-1, 952)* लेखेर दाइशोनिनले आफ्नो रोग निको पार्न शिजो किङ्गोले गरेको हेरचाह प्रति कृतज्ञता ज्ञापन गर्नु हुन्छ ।

साधारण मानिसले झैं रोगसंग लड्दै दाइशोनिनले आफ्ना शिष्यहरूलाई प्रोत्साहन गर्नमा आफ्नो सम्पूर्ण जीवन लगाउनु हुन्छ । आफूले स्वास्थ्य लाभ गरेको उदाहरण दिनु हुंदै उहाँले अद्भूत धर्ममा राखेको आस्थाको लाभदायक शक्तिबाट "विषलाई औषधिमा परिवर्तन गर्ने" र यसरी आयुलाई पनि लम्ब्याउन सकिने कुरालाई प्रदर्शन गर्नुहुन्छ जसलाई निर्धारित कर्म भनिन्थ्यो ।

दाइशोनिन यो पनि वताउनु हुन्छ कि, उहाँको रोग भनेको स्वर्गका राक्षसहरू वीचको संघर्ष हो । उहाँ सद्धर्मपुण्डरीक सूत्रको उपासक भएर अद्भूत धर्मको प्रचारमा लाग्नु भएकोले उहाँ दावी गर्नु हुन्छ कि यस्ता नकारात्मक शक्तिहरूले उहाँलाई खानपिनबाट बञ्चित गरेर उहाँको जीवन छिन्न होड गरिरहेका छन् ।

सूत्रमा भने जस्तै कोसेनरूफुको लागि उहाँले गरिराखेको प्रयासको कारणले तीन बाधा र चार दानवहरू उहाँ माथि आक्रमण गर्न उत्पन्न भएका हुन् । यसैगरी नै सूत्रले सिकाए झैं, अद्भूत धर्म फैलाउने उहाँको संकल्प दृढ भएकोले ब्रम्हाण्डका संरक्षणकारी शक्तिहरू- बुद्धहरू र स्वर्गका देवीदेवताहरू द्वारा सुरक्षित हुनेमा उहाँ विश्वस्त हुनुहुन्थ्यो । यस्ता बाधाहरूको सामना गर्दाको उहाँको आँटीलो जोशबाट हामीलाई सिकाउनु हुंदै लेख्नु हुन्छ, "यो कुरा बुझेपछि, मेरो कुनै गुनासो छैन ।"

सूत्रमा भने जस्तै कोसेनरूफुको लागि उहाँले गरिराखेको प्रयासको कारणले तीन बाधा र चार दानवहरू उहाँ माथि आक्रमण गर्न उत्पन्न भएका हुन् । यसैगरी नै सूत्रले सिकाए झैं अद्भूत धर्म फैलाउने उहाँको संकल्प दृढ भएकोले ब्रम्हाण्डका संरक्षणकारी शक्तिहरू- बुद्धहरू र स्वर्गका देवीदेवताहरू द्वारा सुरक्षित हुनेमा उहाँ विश्वस्त हुनुहुन्थ्यो ।

# बुद्ध र राक्षसी शक्तिहरू बीचको लडाईं

पछिको लेखन, "सद्धर्मपुण्डरीक सूत्रको प्रमाण" मा, निचिरेन दाइशोनिनले आफ्ना युवा शिष्य नान्जो तोकिमिचुलाई राक्षसी कार्यहरूको कारणबाट हुने रोगसंग लड्ने सम्बन्धि मार्गदर्शन दिनु हुन्छः तपाईंले अहिले बुद्धत्व प्राप्त गर्ने निश्चित देखिएकोले होला शायद, स्वर्गका राक्षसहरू र दुष्ट आत्माहरूले तपाईलाई तर्साउन खोज्दै विरामी पारिराखेका छन् । यो संसारमा जीवन क्षणिक छ । अलिकति पनि कहिल्यै नडराउनु । *(WND-1, 1109)*

यस बाधा देखि कहिल्यै पराजित नहुन आग्रह गर्दै आफ्नो शिष्यलाई दाइशोनिन भन्नुहुन्छः "अलिकति पनि कहिल्यै नडराउनु" । उहाँ तोकिमिचुलाई भन्नुहुन्छ कि, कोसेरूफुको लागि कडा परिश्रमले बुद्धत्व प्राप्ति गर्नुबाट उहाँलाई रोक्न गरेको दुष्ट कार्यहरू नै उहाँको विरामीको कारण हो ।

अझ तोकिमिचुलाई आक्रमण गर्ने यी नकारात्मक कार्यहरूलाई उग्र रूपमा गाली गर्दै दाइशोनिन भन्नुहुन्छ, "हे शैतानहरू, यो मान्छेलाई दुख दिएर, के तिमी तरवारको टुप्पो पहिला निल्ने प्रयास गर्दैछौ, वा भयानक आगोलाई अंकमाल गर्दैछौ वा भूत, वर्तमान र भविष्यका दश दिशाका बुद्धहरूको मुख्य शत्रु बन्न खोज्दैछौ ? *(WND-1, 1109)*

कसैले पनि चार प्रकारका दुःख - जन्म, जरा, व्याधि र मृत्युलाई टार्न सक्दैन । दाइशोनिनको बुद्धधर्म साधना गर्दा पनि हामी विरामी पर्छौ र अन्तमा एकदिन मर्छौ । तर हाम्रो बुद्धधर्मको साधनाको माध्यम द्वारा हामी रोगलाई जीवनको अन्तर्निहित अंशको रूपमा लिन्छौं र यसलाई उच्च जीवनावस्थाबाट सामना गर्छौ । तीन बाधाहरू र चार दानवहरूबाट बिचलित नभई त्यसमाथि प्राप्त गर्नु भएको आफ्नो विजयले दाइशोनिनले आफ्ना अनुयायीहरूलाई लागि एउटा उदाहरण दिनुभयो ।

श्री तोदाले पनि घोषणा गर्नुभयो, "गोहोन्जोनमा राखेको आस्थाको शक्तिले मैले विमारी र मृत्युका दानवहरू माथि विजय प्राप्त गरे जससँग मैले लड्न बाध्य भएको थिएँ । "कुन रोग बाधा बन्न सक्छ ?" भन्ने वाक्यले भने झैं उहाँले निडर सिंह राजको जीवनावस्थालाई मूर्तरूप दिनु भयो ।

कोसेनरूफु भनेको ब्रम्हाण्डमा व्याप्त बुद्ध र राक्षसी शक्तिहरू बीचको लडाई हो । अद्‌भूत धर्ममाथिको आस्थाले रोग र मृत्यु जस्ता राक्षसहरूलाई हटाउन हामीलाई सक्षम बनाउँछ । त्यसकारण दाइशोनिन व्याख्या गर्नु हुन्छ कि, शिजो किङ्गोले उहाँलाई गरेको औषधि उपचार भनेको शाक्यमुनि बुद्धको कार्यको रूपमा सद्धर्मपुण्डरीक सूत्रका उपासकलाई सुरक्षा प्रदान गर्नु हो र यसले सम्पूर्ण बाधाहरू र नकारात्मक कार्यहरू माथि निश्चित रूपले विजय प्राप्त गर्ने सिद्धान्त स्पष्ट पार्दछ ।

***यसका साथै तपाई पछिल्लो पटक घर फर्कनु हुंदा म अत्यन्तै चिन्तित थिए र तपाई कामाकुरामा राम्ररी पुग्नु भएको खबर सुन्न पाउँदा म ज्यादै हर्षित भएँ । मलाई धेरै चिन्ता लागेकोले कामाकुराबाट यहाँ आउने प्रत्येकलाई मैले तपाईंको बारेमा सोधिराखेको थिए । एक जनाले तपाईलाई युमोटोमा भेटेको बताउनु भयो भने अर्कोले तपाईलाई अझ टाढा कोजुमा भेटेको बताउनु भयो । जब तपाईलाई कामाकुरामा देखेको बताएपछि मैले राहतको महशुस गरे । अब उपरान्त अत्यन्त जरूरी नपरून्जेलसम्म मलाई भेट्न नआए पनि हुन्छ । मलाई बताउनु पर्ने जरूरी कुरा भएमा सन्देशवाहकलाई पठाउनुस् । म वास्तवमै तपाईंको पछिल्लो भ्रमण प्रति अत्यन्त चिन्तित थिएँ । खतरा प्रति अनभिज्ञ बनाएर उसले आक्रमण गर्ने प्रयास गर्दछ । भ्रमण नगरि नहुने***

**बेलामा घोडाको लोभ नगर्नुस् । म असल घोडा चढ्दै छु भन्नेमा तपाई विश्वस्त हुनुस् । आकस्मिक हमलाबाट बच्न आफ्नो सैनिकहरू पनि साथमा राख्नुस् र युद्ध कवचमा तपाईलाई सिजिलैसंग बोकेर लैजान सक्ने घोडा चढ्नुस ।**

## शिजो किङ्गो कामाकुरा फर्किदाको चासो

यस पत्रमा दाइशोनिनले शिजो किङ्गो कामाकुरामा फर्किदा उसको सुरक्षा सम्बन्धि गहिरो चासो व्यक्त गर्नु हुन्छ । त्यतिबेला मिनोबुबाट कामाकुरासम्म पुग्न घोडाबाट २ देखि ३ दिन लाग्थ्यो । दाइशोनिन केहि दिनसम्म शिजो किङ्गोको सुरक्षाबारे गम्भीर रूपले चिन्तित भएको देखिन्छ । कामाकुरा तर्फबाट मिनोबुमा जो आइपुगे पनि उहाँले उनीहरूलाई बाटोमा शिजो किङ्गोलाई भेट्यौं कि भनेर सोधपुछ गर्नुहुन्थ्यो । उनीहरूले उहाँलाई युमोटो र कोजु (हालको कानागावा प्रान्तको ओदावारा शहर र हाकोने शहरमा रहेको) मा देखेको र अन्तमा कामाकुरामा फर्केको बटाउनु भयो । यो सुनेर किङ्गो अन्ततः सुरक्षित साथ पुगेको खबरले दाइशोनिन ढुक्क हुनु भयो ।

दाइशोनिन शिष्यको हेरचाह गर्ने साँच्चिकैको प्रशंसनीय गुरू हुनुहुन्थ्यो । वहाँको माया यतिमात्र नभएर, शिजो किङ्गोलाई अतिआवश्यक नहुञ्जेल मिनोबुको खतरनाक यात्रा नगर्न र जरूरी सन्देश भएमा उनको सन्देशवाहकलाई पठाउनु हुन आग्रह गर्नु हुन्छ ।

दाइशोनिन किन त्यति धेरै चिन्तित हुनुहुन्थ्यो होला ?

मिनोवुबाट कामाकुराको यात्रा गर्दा सर्वप्रथम फूजी नदिको किनारतिरबाट जानु पर्थ्यो र अनि हाकोने पर्वतहरू चढ्दै शुरूगा प्रान्त (हाल शिजुओका प्रान्तको अंश) भएर पूर्वतिर लाग्नु पर्दथ्यो । शुरूगा प्रान्त होजो वंश शासक सदस्यहरूको प्रत्यक्ष नियन्त्रणमा थियो, ति मध्ये धेरै, स्थापित भइसकेको बौद्ध निकायका समर्थक भएर दाइशोनिनका अनुयायीहरूका शत्रुवत् व्यवहार गर्दथे । यस बाहेक पहाडी भेगहरूको यात्रा गर्दा अझ धेरै खतराहरू थिए । दाइशोनिन असहाय भएर आफ्नो शिष्यको सुरक्षा सम्बन्धि चिन्ता लिएर बस्नु भएको थियो ।

यसका साथै, मालिक इमाको मनोबृत्ति आश्चर्यजनक रूपले परिवर्तन भएतापनि शिजो किङ्गो भने इर्ष्यालु र अप्रसन्न सामुराइहरू विरूद्ध सधैं सतर्क रहिरहनु परेको थियो । तिनीहरूले उसको झुठो निन्दा मालिकलाई गरिदिएको थियो भने उसलाई मालिकबाट टाढा राख्ने अवसरको खोजी उनीहरूले गरिरहेका थिए ।

विशेष गरि फर्कदाको यात्रामा होशियार हुनु महत्वपूर्ण छ । आफ्ना लक्ष्यहरू पूरा गरिसकेपछि हामी आरामको महशुस गर्दछौं र सुरक्षा प्रति त्यति चासो पनि राख्दैनौं । हामी स्वभावतः महशुस गरे भन्दा बढी थाकेका हुन्छौं । शिजो किङ्गोको सन्दर्भमा, उहाँ कुशल तरवारबाज भएतापनि शत्रुद्वारा यस्तो बेला गरिएको आकस्मिक आक्रमण घाटक प्रमाणित हुन सक्थ्यो ।

## सतर्कता नै विजयको साँचो हो

दाइशोनिन लेख्नु हुन्छः "शत्रुले हमला गर्नको लागि तपाईलाई खतराको बोध नगराउने प्रयास गर्नेछ ।" *(WND-1,952)* हामी सबैले यी शब्दहरू गहन रूपले मनन गर्नु पर्दछ । भयानक नदी तर्न र आफ्नो लक्ष्य हासिल गर्न उसले धेरै सावधानी अपनाउनु पर्दछ ।

हाम्रो बैठकहरूको अन्ततिर सदस्यहरूलाई ट्राफिक दुर्घटनाहरूबाट सुरक्षित हुन आग्रह गर्दछौं र उनीहरू स्वस्थ र सुरक्षित भएर घर नपुगुञ्जेल बैठक वास्तवमा सम्पन्न

नहुने कुराको बोध गराउँछौं । प्रत्यक्ष रूपमा हेरविचारमा ध्यान दिएर हामी दानवीय कार्यहरूको शिकार हुनबाट बच्न सक्छौं ।

दाइशोनिनले शिजो किङ्गोलाई उसले चढ्नुपर्ने घोडाको प्रकार सम्बन्धि पनि सल्लाह दिनु भयो । आजकालको भाषामा यसलाई वाहनको माध्यम भनेर भन्न सक्छौं - कार, मोटोरसाइकल, साइकल आदि । जब हामी एस.जि.आई. क्रियाकलापमा एक ठाउँबाट अर्को ठाउँमा हिडेर भ्रमण गर्दा पनि सतर्क हुनु आवश्यक छ ।

एस.जि.आई. का सदस्यहरूको रूपमा, तपाईहरू सबैले कोसेनरूफुको महान लक्ष्य लिनु भएको छ । सुरक्षाको सन्दर्भमा संधै होशियार रहनु होस्, खतरा वा दुर्घटनाको चेतावनीहरू देखि संधै सावधान रहनुहोस् । हरेक क्रियाकलापलाई सुरक्षित तवरले सफल बनाउनुहोस् । कसैले यदि दुर्घटनाको सामना गर्नु परेको खण्डमा उनीहरूलाई स्नेहपूर्वक हौसला प्रदान गर्नुस् ।

जस्तोसुकै परिक्षा हामीले सामना गर्नु परेतापनि अद्भूत धर्ममा आस्था राख्नाले हामीले कर्मको सजाँय घटाउन र विषलाई अमृतमा बदल्न सक्छौं । वास्तवमा दुर्घटना नघट्नु नै सबभन्दा राम्रो हो ।

मेरी श्रीमती र म सधैं हाम्रा सम्पूर्ण सदस्यहरूको सुरक्षा र हितको लागि इमान्दारीतापूर्वक प्रार्थना गरिरहेका छौं । तपाईहरू हरेक एकजना बुद्धको अमूल्य अनुयायी हुनुहुन्छ, यसैले एक्ले अर्कोलाई होसियार रहन र राक्षसी प्रभावलाई टाढा राख्न प्रतिवद्ध रहनुस् ।

निचिरेन दाइशोनिन लेख्नुहुन्छ, "दिन प्रति दिन महिना प्रति महिना आफ्नो आस्थालाई बलियो पार्दै लानुस् । संकल्पमा अलिकति मात्र पनि कमजोर हुनु भयो भने राक्षसहरूले यसको फाइदा उठाउनेछन् ।" *(WND -1, 997)* म प्रार्थना गर्दछु कि, तपाईहरू सबैले यो नित्य निर्देशन अनुसार नकारात्मक कार्यहरू हटाउँदै, महान विजयका जीवनहरू विताउँदै, कडा मिहेनतका साथ बुद्धधर्मको साधनामा प्रयास गर्नुहुनेछ ।

एससिजआई का सदस्यहरूको रूपमा, तपाईंहरु सबैले कोसेनरुफुको महान लक्ष्य लिनु भएको छ । सुरक्षाको सन्दर्भमा संधै होशियार रहनु होस्, खतरा वा दुर्घटनाको चेतावनीहरु देखि संधै सावधान रहनुहोस् । हरेक क्रियाकलापलाई सुरक्षित तवरले सफल बनाउनुहोस् । कसैले यदि दुर्घटनाको सामना गर्नु परेको खण्डमा उनीहरुलाई स्नेहपूर्वक हौसला प्रदान गर्नुस् ।

***Great Concentration and Insight* को आठौं भाग र *The annonations on Great Concentrationa nd Insight* को आठौं भागमा भनिएको छ, "आस्थाको गहिराई संगै देवताहरूको संरक्षण मजबुत हुन्छ" यसको अर्थ, देवताहरूको संरक्षण उसको आफ्नै आस्थामा निर्भर गर्दछ । सद्धर्मपुण्डरीक सूत्र धारिलो तरवार हो तर यसको शक्ति भने चलाउने व्यक्तिमा निर्भर गर्दछ ।**

## बलियो आस्थाको महत्व

सद्धर्मपुण्डरीक सूत्रका साधकहरू - जसले बुद्धधर्मको पछिल्लो समयमा यस सूत्रलाई अंगालेर प्रचार-प्रसार गर्दछ उनीहरुलाई स्वर्गका देवताहरुले अवश्य रक्षा गर्नेछन् । बुद्ध र बोधिसत्वहरुले त्यस्ता व्यक्तिहरुलाई प्रशंसा गर्नेछन् र सूर्य तथा चन्द्र देवताहरुले उनीहरूको अगाडि - पछाडिको मार्गमा प्रकाश छर्नेछन् ।

तर त्यो व्यक्तिगत आस्था नै हो जसले ब्रम्हाण्डका ती सुरक्षित कार्यहरुलाई क्रियाशील बनाउँछ । हाम्रो प्रार्थना सकार हुने कुरा हाम्रो आफ्नै सहृदय प्रयास र इमान्दार संकल्पमा निर्भर गर्दछ । अतः यो महान गुरू मिआओलोको भनाई "जति बलियो तपाईको आस्था हुन्छ, उति नै महान संरक्षण देवताहरूबाट पाइन्छ ।" *(WND-1, 953)* भन्ने हो । बलियो आस्था र बलियो संकल्प नै विजयको साँचो हो । सद्धर्मपुण्डरीक सूत्रको शक्तिशाली तरवारले दिने शक्ति तरवार चलाउने व्यक्तिको आस्थामा निर्भर गर्दछ ।

> हाम्रो प्रार्थना सकार हुने कुरा हाम्रो आफ्नै सहृदय प्रयास र इमान्दार संकल्पमा निर्भर गर्दछ । अतः यो महान गुरु मिआओलोको भनाई "जति बलियो तपाईको आस्था हुन्छ, उति नै महान संरक्षण देवताहरुबाट पाइन्छ ।" *(WND-1, 953)* भन्ने हो । बलियो आस्था र बलियो संकल्प नै विजयको साँचो हो । सद्धर्मपुण्डरीक सूत्रको शक्तिशाली तरवारले दिने शक्ति तरवार चलाउने व्यक्तिको आस्थामा निर्भर गर्दछ ।

दाइशोनिनले शिजो किङ्गोलाई विवेकी व्यक्तिको अनुरूप व्यवहार गर्न र जीउन आग्रह गर्नुहुन्छ । उहाँले किङ्गोको सफलताको गहिरो ख्याल राख्नु हुन्थ्यो र उनको दैनिक जीवनमा ख्याल राख्नु पर्ने पक्षहरूको साथै उनको मालिक प्रति गर्नुपर्ने व्यवहार र उनको वरिपरि रहेका व्यक्तिहरूसंग गर्ने अन्तर्रक्रियाको तौरतरिका बारे विस्तृत रूपमा सल्लाह दिनु हुन्थ्यो ।

एक अर्थमा भन्ने हो भने दाइशोनिनको बुद्धधर्मको साधकहरूको रूपमा हाम्रो लक्ष्य भनेको कुनै पनि कुराबाट पराजित नहुने जीवनावस्था निर्माण गर्नु र बाँच्नु हो । अद्‌भूत धर्ममा आस्था राख्नाले हामीलाई वास्तविक विजयको जीवनावस्था स्थापित गर्न सक्षम बनाउँछ जुन विजय भनेको हामीले दैनिक जीवन अनुभव गरेका सतही हार र जित नभई गहिरो विस्तृत हुन्छ । बौद्ध साधनामा हामीले आफूलाई निरन्तर लगाएर दिन प्रति दिन हाम्रो भित्री उर्जालाई विस्तारै शिंचित गर्दै हामीले आस्थामा शक्तिशाली दृढ विश्वासको विकास गर्न सक्छौं, जसले कर्मको हावा चलेतापनि वा तीन अवरोध र चार राक्षसहरुले आक्रमण गरेतापनि त्यस्ता कुनै पनि कठिनाईहरुलाई सहदृय चुनौती दिन समर्थ तुल्याउँछ ।

हामीले समयको अन्तरालसंगै "हृदयको खजाना" लाई विस्तारै संकलन गर्दछौं । हरेक दिन हाम्रो जीवनलाई चम्काउने र हाम्रो आस्था र दृढ विश्वासलाई बलियो बनाउने हाम्रो दृढ प्रयास नै अडिग जीवनावस्था निर्माण गर्ने माध्यम हो जहाँ हामी "आनन्दीत र रमाउँछौं ।" *(cf. LSOC 16, 272, LS 16, 230)*

हाम्रो निरन्तर मानव क्रान्तिमा आस्था निहित हुन्छ । बौद्ध साधनाको उद्देश्य भन्नु नै मानव जातिको रूपमा हाम्रो पूर्ण क्षमतालाई बोध गर्नु हो । त्यसकारण दाइशोनिनले आफ्नो प्रिय शिष्य शिजो किङ्गोलाई विवेकशील व्यक्ति र अरू अनुयायीहरूको लागि नमुना व्यक्ति बनेर आफ्नो जीवन जिउन आग्रह गर्नु भएको छ । यसको साथै, उहाँले शिजो किङ्गोलाई आफ्नो जीवनमा सामना गर्ने वास्तविक समस्याहरुलाई बौद्ध साधना द्वारा पार गर्न आदेश दिनुभयो ।

यस “ढुङ्गे बाघ सेनापति” भन्ने गोशोमा शिजो किङ्गोको भविष्यको सुरक्षा र संरक्षणको लागि अनगिन्ती सल्लाहहरू दिनुका साथै उसको आस्था बलियो बनाउने र संकल्पलाई दृढ बनाउनु अत्यन्त महत्वपूर्ण छ भन्ने कुरालाई जोड दिनुभयो । दाइशोनिन लेख्नुहुन्छ, स्वर्गका देवताहरूको संरक्षण “उसको बलियो आस्थामा निर्भर गर्दछ ।” *(WND-1, 953)*

## *महत्वपूर्ण कुरा भनेको हृदय हो*

दाइशोनिन सिकाउनु हुन्छ, “महत्वपूर्ण कुरा भनेको हृदय हो ।” जीवनमा जित र हार भन्ने कुरा उसको हृदय, र संकल्प कति बलियो र दृढ छ भन्ने कुरामा निर्भर गर्दछ भन्दा अत्युक्ति नहोला ।

दृढ संकल्प भएको व्यक्तिहरूको कुरा गर्नु पर्दा, रोम क्लबको global think tank का प्रथम अध्यक्ष तथा सह-संस्थापक आउरेलियो पेस्सेई (१९०८-८४) संग मेरो संवाद भएको थियो । डा. पेस्सेईको न्यानो मुस्कान पछाडि उहाँको दुर्जय दृढ विश्वासी व्यक्ति थिए । डा. पेस्सेई इटालीको तानाशाही विरूद्धको अभियानका मुख्य पात्र हुनुहुन्थ्यो । उहाँलाई सन् १९४४ फ्रेब्रुवरीमा तानाशाही सैनिकले पक्रेका थिए र झण्डै एक वर्ष कारागारमा विताउनु भयो । यो कुरा दोश्रो विश्व युद्धको बेलाको थियो, त्यही बेला जापानमा सोका गाक्काईका प्रथम र दोश्रो अध्यक्ष चुनेसाबुरो माकिगुचि र जोसेइ तोदा कारागारमा हुनु हुन्थ्यो । डा. पेस्सेइलाई बन्दीकर्ताहरूले जोरदार केरकार गरेका थिए, तर उहाँ अडिग रहनु भयो ।

डा. पेस्सेईले भन्नुभयो कि, कारागार भित्रको अनुभवले उहाँलाई मानव जातिको कमजोरी र शक्ति दुबै पक्ष सिकाएको छ । उहाँले स्वार्थी र घमण्डी व्यक्तिहरू देख्नु भयो जसले दवावको शुरूमा नै कातर भएर अधिकारीहरूको नियन्त्रणमा परे । त्यस्तैगरि, साधारण जीवनमा त्यस्तो कुनै प्रभाव पार्न नसकेकाहरूले कठिन दमनहरूमा सच्चा हिरो आफ्नो मित्रहरूलाई विश्वासघातको रूपमा प्रस्तुत गर्नुभयो जसले दृढताका साथ आफ्नो मित्रहरूलाई विश्वासघात गर्न अस्वीकार गर्नुभयो ।

डा. पेस्सेईले लेख्नु भयोः शायद, थुनामा परेको बेलाको अनुभवहरूले गर्दा मैले बुझ्न सकें कि कुनै पनि व्यक्तिको अन्तर्निहित प्रतिभा नै असल कार्यको महान शक्ति हो । उहाँको भित्री ज्ञान बुद्धधर्मको शिक्षासंग सम्मत हुन्छ । हामीमा “असल कार्यको लागि महान शक्ति” विद्यमान छ जसलाई कुनै पनि अत्याचार वा दमनबाट पराजित गर्न सक्दैन । त्यस्तो अडिग “दृढ संकल्प” कठिनाईको सिधा सम्पर्कबाट मात्र प्रादुर्भाव हुन्छ । भनिन्छ, “कठिनाईले विवेकशील व्यक्ति बनाउँछ ।”

उहाँको अन्तिम घडीमा, डा. पेस्सेइ मानव क्रान्ति गर्नु अत्यावश्यक छ भन्ने निचोडमा पुग्नु भयो । उहाँले घोषणा गर्नुभयोः अब उपरान्त हरेक कुरा आधुनिक व्यक्तिको आचरण र निर्णयहरूमा भर पर्दछ, यो व्यक्ति आफैले सचेतताका साथ आफ्नो व्यक्तिगत र संकलित भाग्यका साथै आफ्नो जातिकै भाग्य पनि बनाउनेछ । उहाँले यो पनि भन्नु भयो किः “मलाई व्यक्तिमा आस्था छ र म मानव क्रान्तिमा विश्वास गर्दछु ।

*धर्मको पछिल्लो युगमा यो सूत्र प्रचार गर्नेहरू मध्येको शारिपुत्र, महाकाश्यप, उभचअभखभच या तजभ धयचामिुक कयगलमक, धयलमभचार्गा कयगलमक, मञ्जुश्री, र भैषज्यराजसंग बराबर छन् ? दुई यानका व्यक्तिहरू जस्तै शारिपुत्रले ६ वटा मार्गबाट स्वतन्त्र भएर विचार र इच्छाको सबै भ्रमणहरू नष्ट गर्नुभएको थियो ।*

*एभचअभखभच या तजभ ध्यचमिकु कयगलमक जस्ता बोधिसत्वहरू अज्ञानताको ४२ स्तरहरू मध्ये ४१ स्तरहरू उन्मूलन गरेका थिए र पूर्णिमा एक दिन अगाडिको चन्द्रमा जस्तै थिए । तथापि, शाक्यमुनि बुद्धले यी मानिसहरूलाई धर्म प्रचार गर्ने काम सुम्पिन अस्वीकार गर्नुभयो र धर्तीका*

*बोधिसत्वहरूलाई यो कार्य दिनु भयो । यसैले यी बोधिसत्वहरूले नै पूर्ण रूपले उनीहरूको संकल्प पूरा गरेका थिए ।*

*शक्तिशाली योद्धा सेनापति लि. क्वाङ्गले, जसको आमालाई बाघले पुरै खाइदिएका थिए बाघ भनी ठानेर एउटा ढुङ्गामा बाण हानेका थिए । बाण ढुङ्गामा घुसेर टुक्रा टुक्रा पारिदियो । तर यो ढुङ्गा मात्रै थियो भनेर तुरुन्तै महशुस गऱ्यो, फेरि छेडन गर्न सकेन । पछि उसलाई सेनापनि ढुङ्गाको बाघ भनेर चिन्न थाल्यो । यो कथा तपाईलाई लागू हुन्छ । शत्रुहरू लुकेर तपाईलाई पर्खेर बसेपनि, सद्धर्मपुण्डरीक सूत्र प्रति तपाईको दृढ आस्थाले गर्दा ठूला खटराहरू शुरू हुनु भन्दा अघि नै थाहा हुन्छ । यो महशुस गरेर तपाईले आफ्नो आस्था सधैं भन्दा बढी मजबुत बनाउनु नै पर्छ । मैले भन्न चाहेको सबै एउटै पत्रमा लेख्न असम्भव छ ।*

*सम्मानका साथ*

*निचिरेन*

*(WND-1, 952-53)*

## पृथ्वीका बोधिसत्वहरूको गहिरो संकल्प द्वारा उनीहरू भिन्न हुन्छन्

यस हरफमा, दाइशोनिनले सोध्नुहुन्छ कि, बुद्धधर्मको पछिल्लो युगमा सद्धर्मपुण्डरीक सूत्रको प्रचार-प्रसारको जिम्मा कसलाई सुम्पिएको थियो ?

शारिपुत्र र महाकाश्यप शाक्यमुनिका प्रमुख शिष्यहरू हुनुका साथै दुई यानहरूको साधकहरूको प्रतिनिधिहरू हुन् । (perceiver of the worlds' sounds, wonderful sounds), मञ्जुश्री र भैषज्यराजहरू, बोधिसत्वहरू हुन् जो सद्धर्मपुण्डरीक सूत्रको धर्मोपदेशको बेला भेला भएका थिए । बुद्धका शिष्य र बोधिसत्वहरू दुबैसंग अत्यन्त प्रभावशाली प्रमाणहरू थिए ।

तैपनि, शाक्यमुनिले बुद्धधर्मको पछिल्लो युगमा सद्धर्मपुण्डरीक सूत्रलाई प्रचार-प्रसार गर्ने गाह्रो कार्य उनीहरूलाई सुम्पिनु भएन बरू उहाँले पृथ्वीका बोधिसत्वहरूलाई सुम्पिनु भयो । दाइशोनिनले पृथ्वीका बोधिसत्वहरूलाई "आफ्नो संकल्पलाई पूर्णरूपले विकासित गर्ने" *(WND-1, 953)* भनेर वर्णन गर्नुभएको छ । सद्धर्मपुण्डरीक सूत्रले सिकाउँछ कि, बुद्धधर्मको पछिल्लो युगमा सूत्रलाई प्रचार-प्रसार गर्नेहरूको लागि यातना र कठिनाईहरू अवश्य आउँछन्ः किनकी तथागत यस संसारमा हुंदा नै यस सूत्र प्रति घृणा र ईर्ष्या गर्नेहरू थुप्रै थिए भने उहाँको महापरिनिर्माण पछि झन् कति धेरै होलान् त ? *(LSOC 10, 203, LS 10, 164)* दाइशोनिनले यस हरफलाई अक्सर दोहोऱ्याउनु हुन्थ्यो र आफ्नै जीवनमा उतार्नु भयो । यस्तो अत्यन्त कठिन कार्य गर्न कस्तो गुण आवश्यक पर्छ ? पूर्णरूपले विकसित संकल्प ।

सद्धर्मपुण्डरीक सूत्रले सिकाउँछ कि, बुद्धधर्मको पछिल्लो युगमा सूत्रलाई प्रचार-प्रसार गर्नेहरूको लागि यातना र कठिनाईहरू अवश्य आउँछन्ः किनकी तथागत यस संसारमा हुंदा नै यस सूत्र प्रति घृणा र ईर्ष्या गर्नेहरू थुप्रै थिए भने उहाँको महापरिनिर्माण पछि झन् कति धेरै होलान् त ?

"विकसित गर्नु" को मूल अर्थ भनेको धातु बलियो नभएसम्म दोहोऱ्याई, तेहऱ्याई तताएर आकारमा ल्याउनु हो । शिजो किङ्गोलाई लेखेको अर्को पत्रमा यस बुँदालाई चित्रण गर्दै दाइशोनिन लेख्नुहुन्छः "दन दन बलेको आगोमा नतताइएको फलाम चाँडै पग्लिन्छ भने तरवार, दनदन बलेको आगोमा राख्दा पनि पग्लिदैन किनभने त्यो पूर्ण रूपले आगोमा तताएर बनाइसकेको हुन्छ ।" *(WND-1, 839)*

## गहन अठोटले असम्भवलाई सम्भव बनाउन सक्छ

यो पत्रको अन्तमा प्राचीन चिनीयाँ सेनापति लि क्वाङ्गले साधारण ढुङ्गे बाघ भन्ने नाम कसरी पाउनु भयो भन्ने कथन बताउँदै निचिरेन दाइशोनिनले कामाकुरा सैनिक वर्गका सदस्य शिजो किङ्गोलाई प्रोत्साहित गर्नु हुन्छ ।

सेनापति लि कुवाङ्गको आमा बाघ द्वारा मारिएको थियो । एकदिन निपूर्ण धनुर्धर लि कुवाङ्गले घाँसहरूमा झम्टन लागेको बाघ देख्यो । आफ्नी आमालाई मार्ने बाघ भनी ठानेर मृत्युको बदला लिने अठोटका साथ बाघलाई निशाना लगाई धनु प्रहार गऱ्यो । उसले बाघलाई मारिसकेको भनी ठानी दौडेर हेर्न जाँदा त्यो बाघ आकार भएको ढुङ्गा रहेछ । तैपनि उसको धनु ढुङ्गामा पुरै घुसेको थियो । यद्यपी, उसले यो कठिन काम पुनः गर्न कोशिस गरेता पनि उसले कहिल्यै गर्न सकेन ।

यो कथन सुनाएर दाइशोनिनले शिजो किङ्गोलाई बलियो र अडिग आस्थामा आधारित हुनुको महत्व बताउनुका साथै त्यस्तो आस्थाले अवश्य पनि उसलाई संरक्षण दिन स्वर्गका देवताहरूलाई लगाउन सक्छ । दाइशोनिनले किङ्गोलाई प्रेरित गर्दै भन्नुहुन्छ "शत्रुहरू लुकेर तपाईलाई पर्खेर बसिरहेतापनि सद्धर्मपुण्डरीक सूत्रमा तपाईको दृढ आस्थाले गर्दा उनीहरूले आक्रमण गर्नु भन्दा पूर्व नै ठूला खतराहरू टर्नेछन् । यो कुरालाई बुझेर तिमीले गोहोन्जोन प्रतिको तिम्रो आस्थालाई अझ धेरै बलियो बनाउनु नै पर्छ ।"

दाइशोनिनको यस्तो प्रेरणा पाएको एक वर्ष पछि अक्टोबर १२७८ मा वैरीभाव राख्ने कङ्गोको सामुराई मित्रहरूले उनलाई थापिएको एम्बुसको मार्ग तर्फ जान जोड दिए ।

भाग्यवश, आक्रमणकारीहरूको घिनलाग्दो कार्यबाट उनी बच्न सफल भए । भाग्यवश उम्कन सकेको खवर पाएर दाइशोनिनले किङ्गोको आस्थालाई प्रशंसा गर्दै भन्नुभयो (सद्धर्मपुण्डरीक सूत्रको रणनीतिमा): "तपाईको स्वभाविक विवेक र साहसका साथै सद्धर्मपुण्डरीक सूत्र प्रति तपाईको दृढ आस्थाले तपाईलाई "विना क्षति बाँच्न समर्थ तुल्याउँछ ।" *(WND-1, 1000)* उहाँले "अरू कुनै रणनीति भन्दा सद्धर्मपुण्डरीक सूत्रको रणनीति लगाउनुस्" *(WND-1, 1001)* भन्ने शब्दहरू उहाँको शिक्षा साधना गर्ने सबैलाई अनन्त मार्गदर्शनको रूपमा पनि लेख्नुभयो ।

*भाग्यवश उम्कन सकेको खवर पाएर दाइशोनिनले किङ्गोको आस्थालाई प्रशंसा गर्दै भन्नुभयो (सद्धर्मपुण्डरीक सूत्रको रणनीतिमा): "तपाईको स्वभाविक विवेक र साहसका साथै सद्धर्मपुण्डरीक सूत्र प्रति तपाईको दृढ आस्थाले तपाईलाई "विना क्षति बाँच्न समर्थ तुल्याउँछ ।" (WND-1, 1000) उहाँले "अरू कुनै रणनीति भन्दा सद्धर्मपुण्डरीक सूत्रको रणनीति लगाउनुस्"*

दाइशोनिनको शिष्यको सुरक्षा नै उहाँको हर्ष र आनन्दको प्रमाण हो । वास्तवमा, शिजो किङ्गोको विजय नै आस्थाको विजय हो - अर्थात दाइशोनिनको जस्तो साझा संकल्पका साथ कोसेनरूफुको लागि इमान्दारीतापूर्वक प्रयत्न गर्दै उहाँको उपदेशलाई आस्थापूर्वक अभ्यास गर्नु हो । यो मानव क्रान्तिको विजय पनि हो ।

## मानिसको विजय र मानव क्रान्तिको शताब्दी

सन् १९५७, जुलाई ३ को दिन म ओसाका उड्ने विमान चढ्न हानेदा विमानस्थल तिर हिड्दै गइराखेको बेला टोक्योको बुन्क्यो च्याप्टरको महिला वर्गको एकजना सदस्यले मलाई बोलाउनु भयो । उहाँले हाम्रो सदस्यहरूलाई एउटा सन्देश दिन मलाई अनुरोध गर्नुभयो । मैले नहिचकिचाई तुरून्तै जवाफ दिएः "जापानमा उषाकालको आरम्भ भइसकेको छ । कृपया यो खवर सदस्यहरूलाई सुनाईदिनु होला ।"

अभूतपूर्व चुनौतीको बेला महान् आध्यात्मिक संघर्षमा नै मानव क्रान्तिको अमर ज्योति पाइन्छ जसले त्रास र शंकाको अंन्धकारलाई हटाएर पूर्ण विश्वास र शान्त मनको सूर्यको करुणामय प्रकाशले सबैलाई उज्ज्वल पारिदिन्छ । यो अति ठूलो विपत्तिमा पनि आफ्नो हृदयमा साहस र आशाको उज्ज्वल ज्योती कायम राख्नुमा पाइन्छ ।

अभूतपूर्व चुनौतीको बेला महान् आध्यात्मिक संघर्षमा नै मानव क्रान्तिको अमर ज्योति पाइन्छ जसले त्रास र शंकाको अंन्धकारलाई हटाएर पूर्ण विश्वास र शान्त मनको सूर्यको करूणामय प्रकाशले सबैलाई उज्ज्वल पारिदिन्छ । यो अति ठूलो विपत्तिमा पनि आफ्नो हृदयमा साहस र आशाको उज्ज्वल ज्योती कायम राख्नुमा पाइन्छ ।

त्यो दिनदेखि दुई हप्तासम्म झूठो आरोपमा जेलमा बस्दा मैले अनवरत संघर्ष गरे । यद्यपी, म साधारण व्यक्ति भएतापनि मेरो जीवन बलियो तरवार जस्तो बनाउन मैले मेरो भित्री शक्ति र सहिष्णुतालाई विकास गरे । "सिंहराजको जस्तो साहस बटुलेर" *(cf. WND-1, 997)* मैले थाहा पाएको सही कुराको लागि उभिए । जुलाई १७ मा म जेलबाट मुक्त हुंदा, मुसलधारे वर्षाको वावजुद नाकानोशिमा नागरिक भवनमा ओसाका विजय जुलुस भएको थियो । हामीहरू सबैले न्याय हुनु पर्छ भन्ने निश्चित संकल्पका साथ त्यो रात त्यहाँ भेला भयौं । म विश्वस्त छु कि, यो घटनाले मानिसको युगको प्रारम्भ भएको सूचित गरेको छ - मानिसको त्यो युग जुनबेला हामीले दुर्भाग्य र दुःखको जडमा रहेको आधारभूत अन्धकार वा अज्ञानतालाई हटाउँछौं । हानि पुऱ्याउने र दुःखका नकारात्मक र कपटी शक्तिहरूलाई पराजित गर्छौ । यी प्रयासहरू अपरिवर्तनीय सूत्रका प्रतिक हुन् ।

एस.जि.आई. का सदस्यहरूको रुपमा मानिसको विजय र मानव क्रान्तिको शताब्दी बनाउन हाम्रो साहसीक प्रयासहरू अब धेरै भन्दा धेरै महत्वपूर्ण बन्दै गइरहेको छ । तीन विषहरूले भरिपूर्ण यस भ्रष्ट र दुःखमय संसारमा आस्थाको शक्तिशाली तरवारलाई अद्‌भूत धर्ममा चलाउँदै साहस, विवेक र करूणाका साथ कार्य गर्नु नै पर्छ । हाम्रो जीवनमा मानव क्रान्तिको भावनालाई दृढतापूर्वक स्थापित गरेर पृथ्वीका बोधिसत्वहरूको निडर विश्वास र गर्वका साथ अगाडि बढौं ।

*(साभारः सोका गाक्काईको मासिक पत्रिका दाइब्याकुरेङ्गे जुलाई २०१२ बाट अनुवाद गरिएको)*

*अनुवादकः डा.रिद्धि रत्न स्थापित*

# भाविष्य सिर्जना गर्दै



पिचु रञ्जित
फ्यूचर वर्ग

## म अगाडि बढ्नेछु

म पाटनको सौगलमा बस्छु र म सेन्ट जेभियर्स गोदावरी स्कूलको कक्षा ६ मा पढ्दैछु । म कक्षा ५ मा हुंदा मेरो पढाई राम्रो थिएन तर चित्रकला क्रियाकलापमा भने राम्रो थिएं । एक दिन मेरो आमा विरामी हुनु भयो । चिकित्सकको उपचार पश्चात् उहाँलाई किड्नीमा पथ्थर भएको पत्ता लाग्यो र हस्पितल भर्ना गरियो । त्यसपछि मैले सधैं मेरो आमाको सु-स्वास्थ्य र उहाँको सफल शल्यक्रियाको लागि नाम् म्योहो रेङ्गे क्यो प्रार्थना गर्न थाले ।

केही दिन पछि कक्षा ५ को अन्तिम परिक्षा थियो र म ज्यादै चिन्तित थिएं, किनभने म पढाइमा राम्रो थिएन । तत्काल मैले सम्झिए कि, "पछाडि हट्नु भनेको नर्कको मार्ग हो भने अगाडि बढ्नु भनेको स्वर्ग जाने मार्ग हो ।" यसै मार्गदर्शनलाई आत्मसाथ गरि मैले गोहोन्जोनको अगाडि बसेर धेरै नाम् म्यो हो रेङ्गे क्यो प्रार्थना गर्नुको साथै इमान्दारीतापूर्वक पढाईमा मेहेनत पनि गर्न थाले ।

५ दिनको परिक्षा पछि म उत्साहित हुनुका साथै मलाई डर पनि लागिरहेको थियो यसर्थ कि मैले राम्रो अङ्क ल्यान सके कि सकिन । त्यसपछि मैले राम्रो परिक्षाफलको लागि सहृदय दिनहुं प्रार्थना गर्न थाले यसका साथै एस.जि.आई. को विभिन्न क्रियाकलापहरू विशेष गरि, डिष्ट्रिक्ट सभाहरूमा सहभागी हुन थाले र मैले एस.जि.आई. को कब कर्नर भन्ने बालबालिकाहरूको किताब पनि पढ्न थाले । केही दिन पछि मेरो परिक्षा फल प्रकाशित हुने दिन नजिकिंदै थियो । म उत्सुक हुनुका साथै डर मेरो मनमा छाएको थियो । मेरो बुवाले परिक्षा फल लिएर आउनु भयो र म पास भएको खवर सुनाउनु भयो । यद्यपी, मैले राम्रो अङ्क ल्याएर पास गर्न नसकेतापनि मेरो परिवार म देखि खुशी हुनुका साथै म प्रति गर्व गर्नुभयो ।

म प्रण गर्दछु कि, आजदेखि मेरो पढाईलाई अझ राम्रो गर्दै लानेछु र भविष्यमा आइपर्ने हरेक चुनौतीहरूलाई प्रार्थना द्वारा सामना गर्दै अगाडि बढ्नेछु ।

# शब्द व्याख्यान

**पृथ्वीका बोधिसत्वहरुः** नाम् म्योहो रेङ्गे क्यो प्रार्थना गर्नुको साथै प्रचार गर्नेहरू। "पृथ्वी" भनेको बुद्ध प्रकृति हो र "बोधिसत्व" भनेको अरूहरूको निम्ति सहयोग गर्न आफ्नो जीवन समर्पित गर्ने व्यक्ति हुन्।

**बुद्धः** सम्पूर्ण जीवनको सत्य प्रकृतिलाई अनुभूति गर्ने र अरूलाई पनि उस्तै बोधिज्ञान प्राप्त गर्ने तर्फ डोऱ्याउने व्यक्ति हुन्। सम्पूर्ण मानवमा बुद्ध प्रकृति विद्यमान रहेको हुन्छ र विवेक, साहस, करूणा र जीवन-शक्तिको गुणहरूद्वारा चित्रण हुन्छ।

**दाइमोकुः** शाब्दिक अर्थमा "शीर्षक" हो। नाम् म्योहो रेङ्गे क्यो को प्रार्थना वा वन्दना गर्ने भन्ने बुझिन्छ।

**गोशोः** शाब्दिक अर्थमा "महान आदरको उल्लेखनिय लेख": निचिरेन दाइशोनिनको लेखहरू।

**मानव क्रान्तिः** एक व्यक्तिको अन्तर्रजीवनमा आएको गहन परिवर्तनले समाज र प्राकृतिक वातावरणलाई नै परिवर्तन गर्न सक्ने प्रभावको धारणा हो।

**इचिनेन सान्जेनः** शाब्दिक अर्थमा "एक पलमा तीन हजार संसारमा निहित हुनु।" बौद्ध विद्वान र पुजारी तियनताइद्वारा प्रतिपादन गरिएको दर्शनशास्त्रीय प्रणाली हो जसले दैनिक जीवन र आधारभूत सत्य बीचको सम्बन्धलाई वर्णन गर्दछ।

**कर्मः** आफ्नो जीवनमा गरेका कार्य र त्यसका असरहरूको संकलन जुन जीवनको गहिराइमा रहेको हुन्छ र जसले भविष्यमा अक्सर अदृष्य प्रभावको रूपमा कार्य गर्दछ।

**कोसेनरुफुः** शाब्दिक अर्थमा, "वृहत् रूपमा (बुद्धधर्म) लाई फैलाउनु हो।" निचिरेन दाइशोनिनको बुद्धधर्मको प्रचार-प्रसारद्वारा सम्पूर्ण मानव जातिको सुख र दिगो शान्ति हासिल गर्नु।

**सद्धर्मपुण्डरीक सुत्रः** शाक्यमुनि बुद्धको उच्च शिक्षा जसमा शाक्यमुनिले प्रत्यक्ष रूपमा आफ्नो बोधिज्ञान देशना गर्नुभएको छ र उहाँको पहिलेको उपदेश केवल प्रारम्भिक भएको र उपेक्षा गर्नु पर्दछ भनेर घोषण गर्नु भएको छ।

**निचिरेन दाइशोनिन (१२२२-१२८२)ः** मौलिक बुद्ध। बुद्धधर्मको सत्य कारकका संस्थापक जसले अप्रिल २८, १२५३ मा पहिलो चोटी नाम् म्योहो रेङ्गे क्यो को प्रार्थना गर्नुएको थियो।

**सोका गाक्काईः** शाब्दिक अर्थमा, "मूल्य सिर्जनाको निम्ति समाज हो।" निचिरेन दाइशोनिनको बुद्धधर्मको संस्थाको नाम हो।

**दश संसारः** हरेक व्यक्तिमा निहित जीवनको दश सम्भाव्य अवस्थाहरू हुन् जसबाट क्षण क्षण्मा उक्त व्यक्ति गुज्रिरहन्छ। तिनीहरू, नर्क, भोक, रीस, पशुत्व, मानवता, स्वर्ग, शिक्षा, बोध, बोधिसत्व र बुद्धत्व हुन्।

**गोहोन्जोनः** निचिरेन बुद्धधर्ममा समर्पणको वस्तु। यसमा नाम् म्योहो रेङ्गे क्यो को नियम समाविष्ट हुन्छ जसले सम्पूर्ण जीवनमा व्याप्त गर्दछ र सबै मानिसहरूमा विद्यमान बुद्धत्वको जीवनावस्थालाई अभिव्यक्त गर्दछ। गोहोन्जोनलाई नाम् म्योहो रेङ्गे क्यो प्रार्थना गर्नाले हामी भित्र विद्यमान बुद्धत्वलाई उजागर गर्न समर्थ हुन्छौं। "गो" भन्नाले "आदर्णीय" र "होन्जोन" भन्नाले "आदरको आधारभूत वस्तु" हो।

**नाम् म्योहो रेङ्गे क्योः** निचिरेन बुद्धधर्ममा प्रतिपादित ब्रम्हाण्डको आधारभूत नियम, जसले जीवनको सही पक्षलाई अभिव्यक्त गर्दछ। यसको प्रार्थना गर्नाले मानिसहरूमा विद्यमान बुद्ध प्रकृतिलाई उजागर गर्दछ र यो एस.जि.आई. का सदस्यहरूको प्रमुख साधना हो। यद्यपि, नाम् म्योहो रेङ्गे क्यो को गहिरो अर्थ यसको साधना गरेपछि मात्र प्रकट हुन्छ तर यसको शाब्दीक अर्थः नाम् (समर्पण), बुद्धधर्मको साधना गर्ने कार्य; म्योहो (अद्भूत धर्म), ब्रम्हाण्डको आवश्यक नियम र यसको प्रकट; रेङ्गे (सद्धर्म), कारण र असरको परस्परता; क्यो (बुद्धको उपदेश), सम्पूर्ण गतिविधि हुन्।

# New Human Revolution Series






Vol 1- Vol 20 ₹ 275 EACH

# Human Revolution Series




| | |
|---|---|
| Vol 1-3 | ₹ 375 |
| Vol 4-6 | ₹ 375 |
| Vol 7-8 | ₹ 375 |
| Vol 9-10 | ₹ 375 |
| Vol 11-12 | ₹ 400 |

**Eternal Ganges Press Pvt. Ltd.**
E-15, 4th Floor, Hauz Khas Market, Hauz Khas, New Delhi - 110016
Phone: 011-46109201, 011-46109203-09
In case of any queries please write to:
**sales@eternalganges.com**

*[All rates are in Indian Rupees]*

IMALAYAN PEACE SERVICE

प्रकाशनः
हिमालयन पिस सर्भिस